'मजदुर'
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

'मजदुर' दैनिक पत्रिका
नियमित पढ्ने गरौं ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ५८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर
The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : २८५ ★ ने. सं. ११४६ कौला थ्व, दशमी ★ बुधबार ★ १८ कार्तिक, २०८३ ★ November 4, 2026, Wednesday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८

प्रजग कोरियाद्वारा साइबर चोरीको आरोपलाई उक्साहटको संज्ञा



प्योङयाङ, १७ कार्तिक (एएफपी)। प्रजातान्त्रिक जनगणतन्त्र कोरियाले क्रिप्टोकरेन्सी प्लेटफर्म बाइनान्सबाट छ अर्ब अमेरिकी डलर चोरी गरेको अमेरिकी सङ्घीय अनुसन्धान ब्युरो (एफबीआई) को आरोप अस्वीकार गरेको छ। उसले आरोपलाई राजनीतिक उक्साहट भन्दै खण्डन गरेकै बेला नयाँ क्लस्टर वारहेडयुक्त रणनीतिक क्रुज मिसाइल परीक्षण गरेको छ।

प्रजग कोरियाली नेता किम जोङ-उनकी बहिनी एवम् कोरियाली मजदुर पार्टी अन्तर्राष्ट्रिय विभागका महानिर्देशक किम यो जोङले आरोपलाई 'गम्भीर राजनीतिक उक्साहट' भन्नुभएको छ। एफबीआईले शनिबार उक्त चोरीमा कोरियासँग सम्बन्धित 'ट्रेडट्रेटर' नामक ह्याकिङ समूह संलग्न रहेको आरोप लगाइएको थियो। एफबीआईअनुसार चोरी भएको रकम उत्तर कोरियाको अनुमानित वार्षिक कुल गार्हस्थ उत्पादनको करिब एकचौथाइ बराबर छ।

संरा अमेरिकाको सक्रियतामा तयार भएको सन् २०२४ को संयुक्त राष्ट्रसङ्घीय प्रतिवेदनले प्रजग कोरियाले साइबर आक्रमणबाट प्राप्त आम्दानीले सामूहिक विनाशका हतियार विकासमा सहयोग पुगेको आरोप लगाएको थियो।

कोरियाली केन्द्रीय समाचार संस्था केसीएनएका अनुसार सोमबार परीक्षण गरिएको क्रुज मिसाइलको वारहेडले पाँचदेखि छ हेक्टर क्षेत्र ध्वस्त पार्न सक्छ। परीक्षणले मिसाइलको लक्ष्यमा ठाडो प्रहार गर्ने क्षमता सुधारिएको जनाइएको छ। विज्ञका अनुसार यसको उद्देश्य दक्षिण कोरियाली सेना र अमेरिकी सैन्य संरचनामाथि प्रहार गर्ने क्षमता प्रदर्शन गर्नुका साथै परम्परागत हतियारमार्फत प्रतिरोध बलियो बनाउनु हो।

भक्तपुर–रत्नपार्क खण्डमा मेट्रो रेल सञ्चालनबारे छलफल



भक्तपुर, १७ कार्तिक। काठमाडौँ उपत्यकाको सार्वजनिक यातायातलाई व्यवस्थित, सहज र प्रभावकारी बनाउने उद्देश्यले प्रस्तावित भक्तपुरको जगातीदेखि - रत्नपार्कसम्म मेट्रो रेल सञ्चालनसम्बन्धी छलफल कार्यक्रम मङ्गलबार भनपा सभाकक्षमा सम्पन्न भयो।

प्रस्तावित मेट्रो रेल प्रणालीले काठमाडौँ उपत्यकाको सार्वजनिक यातायात व्यवस्थापनमा पार्न सक्ने प्रभाव, यातायात सेवालाई सहज बनाउने सम्भावना तथा वातावरणीय पक्षलाई ध्यानमा राखेर प्रस्ताव अघि बढाउने विषयमा छलफल केन्द्रित थियो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नेपालमा मेट्रो रेल सञ्चालन गर्ने योजना सकारात्मक भए पनि त्यसको सम्भाव्यता अध्ययन विस्तृत रूपमा गर्नुपर्ने बताउनुभयो।

उहाँले देशको ऋण भार ३० खर्ब रूपैयाँ पुगेको सन्दर्भ उल्लेख गर्दै यस्ता ठुला योजनाको बजेट व्यवस्थापन, खर्चको पारदर्शिता र योजना सम्पन्न हुने समयसीमा स्पष्ट हुनुपर्ने बताउनुभयो।

उहाँले मेट्रो रेल योजना देशका कुन-कुन स्थानमा सञ्चालन गर्ने, त्यसबाट आउन सक्ने सम्भावित समस्या के-के हुन् र तिनको समाधान कसरी गर्ने भन्ने विषयमा समेत अध्ययन गर्नुपर्नेमा जोड दिनुभयो। लामो दूरीमा मेट्रो रेल सञ्चालन गर्ने विषयमा पनि स्पष्ट योजना आवश्यक रहेको उहाँको भनाइ थियो।

प्रमुख प्रजापतिले योजनालाई अघि बढाउनुअघि सङ्घ, प्रदेश र स्थानीय सरकार, सरोकारवाला निकायबिच छलफल गर्नुपर्ने बताउँदै आपसी सहमति र समन्वयको क्षेत्र र भूमिका स्पष्ट पार्नुपर्ने उल्लेख गर्नुभयो।

रत्नपार्कदेखि भक्तपुरसम्म ११ वटा स्टेसन प्रस्ताव गरिएको र भक्तपुरमा मात्रै तीनवटा स्टेसन राख्ने योजनाबारे चर्चा गर्दै उहाँले छोटो दूरीमा धेरै स्टेसन आवश्यक पर्ने वा नपर्ने विषयमा पनि अध्ययन गर्नुपर्ने धारणा राख्नुभयो।

कार्यक्रममा समाजशास्त्रीय अध्ययन टोलीका चन्द्रकान्त लौडारीले स्वागत मन्तव्य राख्नुभएको थियो भने जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) का विज्ञ टोलीका सदस्य हायातो कोबायासीले परियोजनाबारे सङ्क्षिप्त जानकारी दिनुभएको थियो। वातावरणविद् अध्ययन टोलीका लोकेश सापकोटाले परियोजनासम्बन्धी प्रस्तुतीकरण गर्नुभएको थियो।

उपस्थित जनप्रतिनिधिहरूले प्रस्तावित भक्तपुर-रत्नपार्क मेट्रो रेल योजनाबारे विभिन्न जिज्ञासा राख्नुभएको थियो। कार्यक्रममा भनपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याखवले पनि बोल्नुभएको थियो।

सरकार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा नफसोस्

काठमाडौँ, १७ कार्तिक। रास्वपाको नेतृत्वमा रहेका कति मन्त्री र सांसदहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा आबद्ध छन्। गैरसरकारी संस्थामा आबद्ध भएर अकुत सम्पत्ति कुम्ल्याउन लागिपरेका विदेशभक्तहरूको नेतृत्वमा रहेको सरकार र सत्तासीन दलका नेताहरूले विदेशी संस्थामा कार्यरत व्यक्तिहरूलाई नै प्राथमिकता दिएर उच्च पदमा राख्ने काम गरेका छन्। अन्तरिम सरकार गठन गर्न लागेको बेला रास्वपाका नेताहरूले त्यस्तै गैरसरकारी संस्थाका कार्यरत व्यक्तिहरूलाई सरकारले ल्याउने प्रयास गरेका थिए। त्यसबेला मन्त्रिपरिषद् गठन गर्ने क्रममा सन्दुक रुइटको नाम प्रस्तावमा आएकै हो। अहिले लुम्बिनी विकास कोषको उपाध्यक्षमा तिब्बती शरणार्थी आनी छोइङ डोल्मालाई ल्याइयो। अन्तरिम सरकार गठन गर्दा, संसद्को निर्वाचनताका र निर्वाचनपछि गठन भएको सरकारमा पनि गैरसरकारी संस्थामा आबद्ध व्यक्तिलाई नै छानीछानी विभिन्न सरकारी निकायमा राख्ने काम गरे। यस्तो गतिविधिले वर्तमान सरकार विदेशी दलालहरूको दलदलमा फसेको हो कि भन्ने आशङ्का उब्जाएको छ।

अमेरिकी युथ काउन्सिल, हामी नेपाल, बारबरा फाउन्डेसनजस्ता गैरसरकारी संस्थामा क्रियाशील युवाहरू भदौ २३ र २४ गतेको आन्दोलनमा प्रत्यक्ष या अप्रत्यक्ष रूपमा संलग्न थिए। सरकारमा पनि ती संस्थामा क्रियाशील व्यक्तिहरूकै हालीमुहाली छ। युवाहरूलाई फकाउन र भुलाउन विकासवादी पार्टी भएको प्रचार गर्न पछि नपरेको रास्वपाका नेता, मन्त्री र सांसदहरूमा साँच्चै नेपाली मनको प्राण नभएको राजनीतिक विश्लेषकहरूको मत रहेको छ। लोकतान्त्रिक आवरणको नाउँमा सरकारमा रहेर अरु राजनीतिक दललाई निषेध गर्ने, विपक्ष दलको स्वर दबाउने, देश र जनताभन्दा पार्टीलाई ठुलो ठान्ने, संसदीय मूल्य र मान्यताको अवमूल्यन गर्नेतर्फ वर्तमान सरकार अघि बढेको उनीहरूको आरोप हो। रास्वपाका नेताहरू लोकतन्त्र, स्वतन्त्रता र समानताको नाउँ भजेर शक्तिको आडमा अरुलाई दबाउने, झूट कुरा फलाकेर जनतालाई अन्योलमा र ख्नेतर्फ केन्द्रित हुन थालेका छन्।

बाँकी पृष्ठ ८ मा

कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप - १६२

पत्रकार र सञ्चार जगत

वि.सं. २०८२ साल भदौ २३ र २४ गते, सामाजिक सञ्जाल बन्द गर्ने सरकारको निर्णय र भ्रष्टाचारविरोधी जिएनजेड पुस्ताको आन्दोलनको क्रममा अराजकता निम्तिनुमा यु-ट्युब च्यानल सञ्चालक, सञ्चार जगत्का केही व्यक्ति र सामाजिक सञ्जालमा भएका अपुष्ट र नकारात्मक सन्देशको प्रवाह भएको विज्ञ र सञ्चार जगत्कै वरिष्ठ व्यक्तिहरूले समेत स्वीकारेका छन्। साइबर अपराधको नियन्त्रण प्रभावकारी हुन सकेको छैन।

सुझाव

१) पत्रकारिता र सञ्चार जगत्को अनुगमन मूल्याङ्कन गरी प्रभावकारी रूपमा सञ्चालन गर्ने जिम्मा पाएको प्रेस काउन्सिलमा हुने नियुक्तिलाई पारदर्शी, प्रभावकारी र स्वार्थरहितताको आधारमा सञ्चालन गर्ने गराउने।

२) हरेक पत्रकार सञ्चारकर्मी हुन्, तर हरेक सञ्चारकर्मी पत्रकार हुँदैनन्, होइनन्। त्यसैले सञ्चारकर्मी र पत्रकारको स्पष्ट परिभाषा हुनु वाञ्छनीय छ।

३) पत्रकार बन्नका निम्ति निश्चित योग्यता एवम् सर्त निर्धारण गरिनु पर्दछ।

४) पत्रकारहरूमा निम्न योग्यता अनिवार्य गर्नुपर्ने देखिन्छ।

कम्तीमा स्नातक हुनुपर्ने। कम्तीमा १५ वर्षसम्म संवाददाता, स्तम्भकार, अन्तर्वार्ताकार, सहायक सम्पादक भई काम गरेको हुनुपर्ने। (यस अवधिमा प्रशिक्षित पत्रकारको रूपमा मान्यता रहने।)

कम्तीमा नेपाली भाषामा शुद्ध, स्पष्ट, सन्देशमूलक र त्रुटिरहित लेखन क्षमता रहेको हुनुपर्ने।


कम्तीमा पच्चीस वर्ष उमेर पूरा भएको हुनुपर्ने।

फौजदारी अभियोगको लागि सजाय पाएको हुन नहुने।

राष्ट्रिय सुरक्षा र राष्ट्रहितप्रति सदा

बाँकी पृष्ठ ८ मा

व्यङ्ग्यचित्रको कुनो



भक्तपुर उद्यमी बचत तथा ऋण सहकारी संस्था लि.
भ.न.पा.-५, सुकुलढोका, भक्तपुर
साधारणसभासम्बन्धी सूचना
यस संस्थाको **१९ औं वार्षिक साधारणसभा** निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावहरूलाई अनिवार्य उपस्थितिको लागि अनुरोध गरिन्छ।
कार्यक्रम
मिति : २०८३/०८/१९ गते, शनिबार
समय : बिहान १०:०० बजे
स्थान : संस्थाको कार्यालय परिसर



भक्तपुर नगरपालिका वडा नं. २ इटाछेँमा बालबालिकालाई 'भिटामिन-ए' र जुकाको औषधि खुवाइँदै बुधबार । कार्तिक १७ र १८ गते ६ महिनादेखि ५ वर्षसम्मका बालबालिकालाई 'भिटामिन -ए' तथा १३ महिनादेखि ५ वर्षसम्मका बालबालिकालाई जुकाको औषधि खुवाउने कार्यक्रम सञ्चालन हुँदै छ ।

महिला स्वास्थ्य स्वयंसेविकामार्फत सबै वडाका केन्द्रहरूमा सञ्चालन हुने कार्यक्रममा आफ्ना बालबालिकालाई सहभागी गराई 'भिटामिन-ए' र जुकाको औषधि खुवाउन सम्पूर्ण अभिभावकहरूलाई अनुरोध गरिएको छ ।

बालबालिकालाई भिटामिन र जुकाको औषधि खुवाइँदै

काठमाडौँ, १७ कार्तिक । सरकारले आज र भोलि दुई दिन बालबालिकालाई 'राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम' सञ्चालन गरिरहेको छ ।

उक्त कार्यक्रमअन्तर्गत भिटामिन 'ए' क्याप्सुल छ महिनादेखि ५९ महिनाका बालबालिका र जुकाको औषधि एक वर्षदेखि पाँच वर्षसम्मका बालबालिकालाई खुवाइँदैछ ।

स्वास्थ्य सेवा विभागका पोषण शाखा प्रमुख लीलाविक्रम थापाले भिटामिन 'ए' करिब २१ लाख बालबालिका र जुकाको औषधि करिब २० लाख बालबालिकालाई खुवाइने बताउनुभयो । अभिभावकहरूले आफ्ना बालबालिकालाई पायक पर्ने ठाउँमा समय मिलाएर लगेर ती औषधि खुवाउन उहाँले आग्रह गर्नुभयो ।

थापाकाअनुसार कार्यक्रमका लागि ५२ हजार महिला स्वास्थ्य स्वयंसेविका र १० हजार स्वास्थ्यकर्मी खटिँदै हुनुहुन्छ । सरकारले प्रत्येक वर्ष कार्तिक र वैशाखमा भिटामिन 'ए' र जुकाको औषधि बालबालिकालाई नि:शुल्क खुवाउने गरेको छ ।

बालबालिकामा हुनसक्ने स्वास्थ्य जटिलता तथा कुपोषणको जोखिम न्यूनीकरण गर्नका लागि विस २०५० देखि भिटामिन 'ए' क्याप्सुल र विस २०५६ देखि जुकाको औषधि नियमित खुवाउने गरिएको छ । ***(रासस)***

सुन्दरीजलमा मोटरसाइकल ठोक्किँदा एकको मृत्यु, एक जना घाइते

काठमाडौँ, १७ कार्तिक । काठमाडौँको सुन्दरीजलमा गए राति दुई मोटरसाइकल ठोक्किएर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ ।

काठमाडौँ उपत्यका ट्राफिक कार्यालयका अनुसार सुन्दरीजलबाट नाम्गेलतर्फ जाँदै गरेको बाप्र ०२०६५ प ९१५७ नम्बरको मोटरसाइकललाई सोही दिशा पछाडिबाट आउँदै गरेको बाप्र ०२०५८ प ७४०५ नम्बरको मोटरसाइकलले ठक्कर दिँदा एकजनाको मृत्यु भएको हो ।

काठमाडौँ उपत्यका ट्राफिक कार्यालयका प्रवक्ता, प्रहरी उपरीक्षक नरेशराज सुवेदीले बाप्र ०२०५८ प ७४०५ नम्बरको मोटरसाइकलको ठक्करबाट ०२०६५ प ९१५७ नम्बरको मोटरसाइकलमा सवार सुनसरी इटहरी नगरपालिका-७ घर भई काठमाडौँको गोकर्णेश्वर नगरपालिका-१ दोबाटो बस्ने ४५ वर्षीय सन्तोष ढुङ्गानाको मृत्यु भएको जानकारी दिनुभयो ।

दुर्घटनामा गम्भीर घाइते भएका ढुङ्गानाको उपचारका क्रममा नेपाल मेडिकल कलेज अत्तरखेलमा निधन भएको हो । बाप्र ०२०५८ प ७४०५ नम्बर मोटरसाइकलका चालक सङ्खुवासभा घर भई काठमाडौँको गोकर्णेश्वर बस्ने ५० वर्षीय टीकाराम गुरुङको बायाँ कुम, बाँया खुट्टा र दायाँ हातमा चोट लागेको ट्राफिक प्रहरीले जनाएको छ ।

यस्तै, ठक्कर दिने बाप्र ०२०५८ प ७४०५ नम्बरका चालक गोकर्णेश्वरका २४ वर्षीय आशबहादुर तामाङले मादक पदार्थ सेवन गरी सवारी चलाएको पाइएको प्रवक्ता सुवेदीले बताउनुभयो । ***(रासस)***

ख्वप तिलगंगा आँखा अस्पतालमा नि:शुल्क मोतिबिन्दु शल्यक्रिया शिविर



भक्तपुर, १७ कार्तिक । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नेपाल आँखा कार्यक्रमअन्तर्गत ख्वप तिलगंगा आँखा अस्पतालमा आयोजित नि:शुल्क मोतिबिन्दु स्वास्थ्य शिविरको उद्घाटन गर्नुभयो ।

शिविरमा भक्तपुर नगरपालिकाका प्रमुख प्रजापतिले नगरपालिकाले समय-समयमा सञ्चालन गर्दै आएको स्वास्थ्य शिविर तथा भक्तपुरमा आँखा उपचार सेवा उपलब्ध हुनुले स्थानीय नागरिकलाई ठुलो सहजता भएको उहाँले उल्लेख गर्नुभयो । उहाँले शिविरबाट मोतिबिन्दुको समस्याबाट पीडित नागरिकले सहज रूपमा उपचार सेवा प्राप्त गर्ने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले समाजसेवाको भावनाले समर्पित भई स्वास्थ्य क्षेत्रमा काम गर्दै आएका संस्थाहरूसँग सहकार्यलाई निरन्तरता दिँदै आएको बताउँदै अरनिको समाजसँग पनि लामो समयदेखि सहकार्य हुँदै आएको उल्लेख गर्दै ख्वप अस्पताललाई स्वास्थ्य उपकरण सहयोग गरेकोमा सम्बन्धित संस्थाप्रति धन्यवाद व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिका र चिनियाँ मित्रहरूबिचको सम्बन्ध राम्रो रहेको उल्लेख गर्दै उहाँले दुई पक्षबिच भ्रमण आदानप्रदान पनि भइरहेको र आगामी दिनमा चिनियाँ मित्रहरूसँगको सम्बन्धलाई अझ प्रगाढ बनाउँदै विभिन्न क्षेत्रमा सहकार्य गर्दै अगाडि बढ्ने बताउनुभयो । भक्तपुरमा चिनियाँ पर्यटकको आगमन वृद्धि हुनु पनि दुई पक्षबिचको सम्बन्धको सकारात्मक पक्ष रहेको उहाँले बताउनुभयो ।

कार्यक्रममा अरनिको समाजका अध्यक्ष डा. सुशील प्रजापतिले समाजको सङ्क्षिप्त परिचय दिँदै नि:शुल्क मोतिबिन्दु शल्यक्रिया शिविरबाट स्थानीय नागरिक लाभान्वित हुने विश्वास व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा चीनस्थित सियाओमिङ आई बैङ्क फाउन्डेसनका संस्थापक प्राध्यापक याओ सियाओ मिङ, चीनको सिचुआन प्रान्तीय विदेश मामिला कार्यालयको अन्तर्राष्ट्रिय मामिला विभागका निर्देशक लुओ हाओले पनि बोल्नुभएको थियो ।

त्यसैगरी, ख्वप तीलगंगा आँखा अस्पतालका व्यवस्थापक धिरज अधिकारीले अस्पतालबाट प्रदान हुँदै आएका स्वास्थ्य सेवा तथा सुविधाबारे जानकारी दिँदै शिविरअन्तर्गत आज र भोलि नि:शुल्क मोतिबिन्दुको शल्यक्रिया गरिने बताउनुभयो । ख्वप तिलगंगा आँखा अस्पतालले जिल्लाका विभिन्न स्थानमा आँखा शिविर सञ्चालन गरी शिविरबाट छनोट भएका मोतिबिन्दुका बिरामीहरूको नि:शुल्क शल्यक्रिया गरिने उहाँले अवगत गराउनुभयो ।

दुई अध्यादेश राष्ट्रपति समक्ष सिफारिस गर्ने सरकारको निर्णय

काठमाडौँ, १७ कार्तिक । सरकारले दुई वटा अध्यादेश जारी गर्नका लागि राष्ट्रपति समक्ष सिफारिस गरेको छ ।

आज बसेको मन्त्रिपरिषद्को बैठकले प्रेस काउन्सिल ऐन, २०४८ लाई संशोधन गर्न बनेको अध्यादेश र संस्कृति, पर्यटन तथा नागरिक उड्ययनलगायतका केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश जारी गर्न राष्ट्रपति समक्ष सिफारिस गर्ने निर्णय गरेको सरकारका प्रवक्ता तथा शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले जानकारी दिनुभयो ।

बैठकले एसियाली विकास बैंकबाट सडक सुधारका लागि प्राप्त हुने २८५ मिलियन अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण र २० मिलियन अमेरिकी डलर बराबरको अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको छ ।

प्रवक्ता पोखरेलका अनुसार बैठकले नेपाल पुनर्बीमा कम्पनी लिमिटेडमा नेपाल सरकारको थप हकप्रद शेयर लगानी गर्न सहमति प्रदान गर्ने निर्णय गरेको छ । साथै तुर्कीएको आन्ताल्यामा यही कात्तिक २३ देखि मङ्सिर ४ गतेसम्म आयोजना हुने संयुक्त राष्ट्र सङ्घीय जलवायु परिवर्तनसम्बन्धी महासन्धिका पक्ष राष्ट्रहरूको ३१ औँ सम्मेलनमा सहभागी हुन उच्चस्तरीय प्रतिनिधिमण्डललाई स्वीकृति प्रदान गर्ने पनि निर्णय गरेको छ ।

लुम्बिनी विकास कोषको सदस्य सचिवमा पाण्डे नियुक्त

काठमाडौँ, १७ कार्तिक । सरकारले लुम्बिनी विकास कोषको सदस्य सचिवमा इन्जिनियर सन्तोष पाण्डेलाई नियुक्त गरेको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै लुम्बिनी क्षेत्रको विकास, पूर्वाधार निर्माण तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाउने उद्देश्यले इन्जिनियर पाण्डेलाई उक्त जिम्मेवारी दिने निर्णय गरेको जानकारी दिएको छ ।

पाण्डे संरचनागत इन्जिनियरिङ क्षेत्रमा एक दशकभन्दा बढी अनुभव भएका इन्जिनियर हुनुहुन्छ । उहाँले सहरी पूर्वाधार, भवन निर्माणको संरचनागत सुरक्षा, भवन संहिता कार्यान्वयन तथा सार्वजनिक पूर्वाधारको प्राविधिक मूल्याङ्कनका क्षेत्रमा काम गर्दै आउनुभएको छ ।

पाण्डेले काठमाडौँ महानगरपालिकामा सन् २०२२ सेप्टेम्बरदेखि २०२६ जनवरीसम्म संरचनागत इन्जिनियरका रूपमा काम गर्नुभएको थियो । महानगरपालिकामा रहँदा उहाँले भवन निर्माणको संरचनागत सुरक्षा, अग्ला भवनहरूको प्राविधिक मूल्याङ्कन, भवन नक्साको समीक्षा तथा नेपाल राष्ट्रिय भवन संहिताअनुसार मापदण्ड पालना गराउन काम गर्नुभएको थियो ।

त्यसअघि उहाँले रुपन्देहीको तिलोत्तमा नगरपालिकामा सन् २०२० देखि २०२२ सम्म संरचनागत इन्जिनियरका रूपमा काम गर्नुभएको थियो । त्यहाँ रहँदा उहाँ भवन निर्माणसम्बन्धी प्राविधिक मापदण्डको परीक्षण, इलेक्ट्रोनिक बिल्डिङ परमिट सिस्टमको सुधार तथा स्थानीय तहका प्राविधिक कर्मचारी र परामर्शदातालाई तालिम प्रदान गर्ने काममा संलग्न हुनुहुन्थ्यो ।

त्यस्तै, उहाँले सन् २०१७ देखि २०१९ सम्म बुटवल उपमहानगरपालिकामा पनि संरचनागत इन्जिनियरका रूपमा काम गर्नुभएको थियो । उक्त अवधिमा भवनको संरचनागत डिजाइन परीक्षण, सार्वजनिक पूर्वाधारको प्राविधिक निरीक्षण तथा भवन निर्माणसम्बन्धी राष्ट्रिय मापदण्ड कार्यान्वयनमा योगदान दिनुभएको थियो ।

वैद्यखानाको आधुनिकीकरण गर्न दुई मन्त्रालय सहमत

काठमाडौँ, १७ कार्तिक । स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहता र विज्ञान, प्रविधि तथा नवप्रवर्तनमन्त्री महावीर पुनबीच सिंहदरबार वैद्यखानाको संस्थागत तथा प्राविधिक क्षमता अभिवृद्धि र औषधि उत्पादनको गुणस्तर सुधारका विषयमा छलफल भएको छ ।

छलफलमा वैद्यखानाको अनुसन्धान प्रयोगशाला विकास, औषधिको गुणस्तर सुधार, निर्यातको सम्भावना र विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ) का मापदण्डअनुरूप उत्पादन प्रणालीको स्तरोन्नति गर्ने विषयमा छलफल भएको हो ।

वैद्यखानाको उत्पादन प्रणालीलाई व्यवस्थित, गुणस्तरीय र प्रतिस्पर्धी बनाउँदै संस्थागत क्षमता विकास गर्न दुवै मन्त्रालयबीच सहकार्य गर्ने विषयमा छलफल भएको छ । यसका लागि दुई मन्त्रालयबीच समझदारीपत्र गर्ने प्रस्तावसमेत अघि बढाइएको छ । छलफलमा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका सचिव डा. विकास देवकोटा र विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालयका सचिव दीनानाथ मिश्रको पनि सहभागिता थियो ।

सङ्क्षिप्त समाचार

तिहारमा प्लास्टिकका फूलमाला बिक्रीमा रोक प्राकृतिक फूलका लागि २६ स्थान तोकिए

काठमाडौँ, १७ कार्तिक । काठमाडौँ महानगरपालिकाले तिहारमा प्लास्टिकजन्य फूलमाला तथा सजावटका सामग्रीको बिक्रीवितरणमा रोक लगाएको छ ।

महानगरपालिकाले आज सूचना जारी गरी प्लास्टिकजन्य फूल, माला तथा सजावटका सामग्री बिक्रीवितरण नगर्न व्यवसायी, व्यापारी तथा सर्वसाधारणलाई आग्रह गरेको छ । त्यस्ता सामग्री बिक्री गरेको पाइएमा जफत गरिने चेतावनी पनि महानगरले दिएको छ ।

नेपाली किसानले उत्पादन गरेका प्राकृतिक फूल तथा मालाको बिक्रीवितरणका लागि महानगरपालिकाले २६ स्थान तोकेको छ । ती स्थानमा बानेश्वर, शङ्खमूल, चाबहिल, तीनकुने, सिफल, बत्तीसपुतली, स्वयम्भू, कालीमाटी, कलङ्की, नयाँ बजार, माछापोखरी, हाँडीगाउँ, सामाखुसी, महाराजगञ्ज, गोँगबु, चप्पल कारखाना, बालुवाटार, कमलादी, पुतलीसडक, अनामनगर, टेवहाल, सुन्धारा, न्यूरोड, लगन, जैसीदेवल र भृकुटीमण्डप रहेका छन् ।

महानगरपालिकाले तोकिएका स्थानमा नेपाली किसानले उत्पादन गरेका फूलमाला बिक्री गर्न व्यवसायीलाई आग्रह गरेको छ । बिक्री व्यवस्थापन तथा सहजीकरणका लागि महानगर प्रहरी बल परिचालन गरिने सूचनामा उल्लेख छ । ***(रासस)***

सोलुखुम्बु हेलिकप्टर दुर्घटना मृतक र घाइतेको पहिचान खुल्यो

सोलुखुम्बु, १७ कार्तिक । सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका-४ फेरुचेमा दुई हेलिकप्टर एकापसमा ठोक्किँदा मृत्यु भएका भारतीय नागरिकसहित घाइते तीन जनाको पहिचान खुलेको छ ।

हेलिकप्टर दुर्घटनामा भारत-तमिलनाडु राज्यअन्तर्गत चेन्नईका ४७ वर्षीय वसन्तकुमार बलरामुडुको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुले जनाएको छ । मृतकको शव प्रभु एयरको हेलिकप्टरमार्फत लुक्ला ल्याइएको छ ।

घाइते अवस्थामा रहेका फिस्टेल एयरका पाइलट रवीन्द्र प्रजापति, डाइनेस्टी एयरका पाइलट प्रजल केसी र भारतीय मूलका न्युजिल्यान्डका नागरिक ४९ वर्षीय सेलिसकिसन पटेललाई प्रभु एयरको हेलिकप्टरमार्फत उद्धार गरी उपचारका लागि ललितपुरस्थित मेडिसिटी अस्पताल लगिएको जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुका सूचना अधिकारी प्रहरी निरीक्षक मौसम तामाङले जानकारी दिनुभयो । हेलिकप्टर दुर्घटना हुँदा फिस्टेल एयरमा चालक दलका सदस्यसहित तीन जना सवार थिए ।

आज बिहान करिब ८:१० बजे फिस्टेल एयर र डाइनेस्टी एयरका हेलिकप्टर फेरुचेस्थित हेलिप्याडमा अवतरण गर्ने क्रममा एकापसमा ठोक्किएर दुर्घटना भएको प्रहरीले जनाएको छ । ***(रासस)***

वैदेशिक रोजगारीको प्रलोभनमा ठगी गर्ने पक्राउ

काठमाडौँ, १७ कार्तिक । वैदेशिक रोजगारीका लागि विभिन्न देश पठाइदिने प्रलोभन देखाएर ठगी गरेको आरोपमा प्रहरीले चार जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा धादिङको धुनीबेँसी नगरपालिका-१ की आशिका सिम्खडा, उदयपुरको बेलका नगरपालिका-२ का विष्णु खत्री, सिन्धुलीको तीनपाटन गाउँपालिका-५ का दिनेश पाखेन तामाङ र गोरखाको बारपाक गाउँपालिका-४ का ३८ राजेश बराम रहेका छन् ।

काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका अनुसार सिम्खडाले बेलायत (युके) पठाइदिने भन्दै रु. सात लाख ५० हजार, खत्रीले माल्टा पठाइदिने भन्दै रु. छ लाख, तामाङले संयुक्त अरब इमिरेट्स (युएई) पठाइदिने भन्दै रु. दुई लाख र बरामले सिङ्गापुर पठाइदिने भन्दै रु. १५ लाख ५० हजार रकम लिएका थिए ।

विदेश पठाइदिने भन्दै रकम लिएपछि उनीहरूले पीडितलाई विदेश नपठाई सम्पर्कविहीन भएको भन्ने उजुरीका आधारमा प्रहरीले उनीहरूलाई पक्राउ गरेको कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक रामेश्वर कार्कीले जानकारी दिनुभयो । प्रहरीले उनीहरूलाई काठमाडौँ उपत्यकाका विभिन्न स्थानबाट पक्राउ गरेको हो । पक्राउ परेका चारै जना माथि थप अनुसन्धान तथा आवश्यक कारबाहीका भइरहेको प्रहरीले जनाएको छ । ***(रासस)***

नेपाल बार एसोसिएसनद्वारा अध्ययन समिति गठन

काठमाडौँ, १७ कार्तिक । नेपाल बार एसोसिएसनले न्यायक्षेत्रमा पछिल्लो समय उठेका सवालमा विषयमा अध्ययन गर्न समिति गठन गरेको छ ।

पूर्वअध्यक्ष चण्डेश्वर श्रेष्ठको संयोजकत्वमा गठित समितिमा सर्वोच्च अदालत बार एसोसिएसनका पूर्वअध्यक्ष पूर्णमान शाक्य, नेपाल बारका पूर्वउपाध्यक्षहरू उषा मल्ल पाठक, सुरेन्द्रकुमार महतो, पूर्वसदस्य चन्द्रप्रसाद काफ्ले रहनुभएको छ भने सदस्य सचिवमा बारका केन्द्रीय सदस्य बाबुराम अर्याल रहनुभएको छ ।

समितिले हालको न्यायालयका विषयमा उठेका टिप्पणीका तथ्य सङ्कलन र समग्र न्याय क्षेत्रको उन्नयनका लागि आवश्यक सुझाव एक महिनाभित्र तयारी गर्ने समयसीमा रहेको बारका महासचिव केदारप्रसाद कोइरालाले जानकारी दिनुभयो । बारको कार्यसमिति, सल्लाहकार समितिसमेतको संयुक्त बैठकमा न्यायपालिकासम्बन्धी समसामयिक अध्ययन गर्न उक्त समिति बनाइएको जनाइएको छ । ***(रासस)***



बुढीगङ्गा नदीमाथि जोखिमपूर्ण झोलुङ्गेपुल

बाजुराको बडीमालिका नगरपालिका- २ र ८ जोड्ने बुढीगङ्गा नदीमाथि जोखिमपूर्ण झोलुङ्गे पुल । विसं २०७७ साउन २५ गते यस नदीमा भिषण बाढी आउँदा मानवीय तथा करोडौँको भौतिक सम्पत्ति क्षतिसँगै उक्त झोलुङ्गेपुल जीर्ण हुँदा हालसम्म कुनै निकायले उक्त पुलको मर्मतसम्भार नगर्दा स्थानीयहरू सोही जोखिमपूर्ण पुलबाट आवतजावत गर्न बाध्य छन् । *तस्बिरः टेक बहादुर बुढा/रासस*

भेरी अस्पतालमा श्वासप्रश्वाससम्बन्धी विशिष्टीकृत सेवा सुरु

नेपालगञ्ज (बाँके), १७ कार्तिक । भेरी अस्पताल नेपालगञ्जले फोक्सो तथा निद्रासम्बन्धी विभिन्न जटिल रोगको उपचारका लागि विशिष्टीकृत सेवा सुरु गरेको छ ।

उक्त सेवाबाट फोक्सो तथा श्वासप्रश्वाससम्बन्धी दीर्घरोगी र निद्रासम्बन्धी समस्या भएका बिरामी लाभान्वित हुने डा. रञ्जीत पाण्डेले जानकारी दिनुभयो ।

डा. पाण्डेका अनुसार विशिष्टीकृत सेवाअन्तर्गत दीर्घकालीन दम, पुरानो खोकी, श्वासप्रश्वास, छातीमा पानी जम्ने, क्षयरोग, फोक्सो बाथ रोग तथा फोक्सो सुक्ने समस्या लगायतका रोगको उपचार तथा परामर्श सेवा उपलब्ध हुनेछ ।

त्यस्तै, सुत्दा घुर्ने, निद्राका क्रममा श्वासप्रश्वास रोकिने, निद्रा लागिरहने तथा पर्याप्त सुते पनि शरीर ताजा महसुस नहुनेजस्ता समस्याको पहिचान र उपचार हुने अस्पतालले जनाएको छ ।

क्षयरोगका बिरामीको उपचार तथा औषधि प्रतिरोधी र औषधिप्रति संवेदनशील क्षयरोगका विषयमा आवश्यक परामर्शसमेत प्रदान गरिने उहाँको भनाइ छ ।

त्यस्तै, निमोनियालगायतका गम्भीर बिरामीको सघन उपचार, भेन्टिलेटरमा रहेका बिरामीको व्यवस्थापन तथा भेन्टिलेटरबाट बाहिर निकाल्ने सम्बन्धमा आवश्यक उपचार र परामर्शमा समेत विशिष्टीकृत सेवा प्रदान गरिने डा. पाण्डेले जानकारी दिनुभयो ।

डा. पाण्डेले फोक्सोसम्बन्धी रोगको उपचारसँगै अस्पतालको सघन उपचार सेवालाई थप प्रभावकारी बनाइनेसमेत बताउनुभयो ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. नवीन दर्नाललेे विशेषज्ञ चिकित्सकमार्फत सुरु गरिएको सेवा यस क्षेत्रका बिरामीका लागि महत्त्वपूर्ण हुने बताउनुभयो ।

उहाँले फोक्सोसम्बन्धी दीर्घरोग, फोक्सोको क्यान्सर तथा निद्रासम्बन्धी समस्या भएका बिरामीलाई लक्षित गरी आजैदेखि विशेष क्लिनिक सञ्चालनमा ल्याइएको जानकारी दिनुभयो ।

उहाँका अनुसार अस्पतालले प्रदान गरेको विशिष्टीकृत सेवाबाट फोक्सोसम्बन्धी विभिन्न जटिल तथा दीर्घरोगको उपचारका लागि टाढा जानुपर्ने बाध्यता कम हुने अपेक्षा गरिएको छ । ***(रासस)***

मुस्ताङमा दुई लाख ८५ हजार पर्यटक

मुस्ताङ, १७ कार्तिक । सन् २०२६ को दश महिनामा दुई लाख ८५ हजार ६१६ जना विदेशी पर्यटकले मुस्ताङ जिल्लाको भ्रमण गरेका छन् ।

जनवरीदेखि अक्टोबरसम्म सार्क राष्ट्रतर्फ दुई लाख ६२ हजार १२ जना र अन्य राष्ट्रतर्फ २८ हजार २७५ जनाले मुस्ताङ जिल्लाको भ्रमण गरेको राष्ट्रिय प्रकृति संरक्षण कोष, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप), जोमसोमले जनाएको छ ।

सन् २०२५ को जनवरीदेखि डिसेम्बरसम्ममा एक लाख ६१ हजार १४१ जना सार्क तथा अन्य राष्ट्रका विदेशी पर्यटकले मुस्ताङ जिल्लाको भ्रमण गरेकामा सन् २०२६ को दश महिनामा ७७.६२ प्रतिशतले पर्यटकको सङ्ख्या वृद्धि भएको हो ।

एक्याप कार्यालयका प्रमुख राजेश गुप्तका अनुसार सन् २०२५ को तुलनामा सन् २०२६ को दुई महिना बाँकी रहँदा एक लाख २३ हजार ४७५ जना विदेशी पर्यटकको सङ्ख्या वृद्धि भएको जानकारी दिनुभयो ।

एक्याप जोमसोमको पर्यटक तथ्याङ्कअनुसार सन् २०२६ को दश महिना अवधिमा गत वर्षको भन्दा सार्क राष्ट्रतर्फ ९७ प्रतिशतले विदेशी पर्यटकको सङ्ख्या वृद्धि भएको छ । गुप्तका अनुसार अघिल्लो वर्षको तुलनामा यसवर्षको दुई महिना बाँकी रहँदा सार्क राष्ट्रतर्फ एक लाख २९ हजार १४६ जना विदेशी पर्यटक वृद्धि भएको हो ।

यस वर्ष रसुवागढीको विनासकारी बाढी घटना तथा जोमसोम-कोरला सडक अवरुद्ध, हवाई सेवा स्थगनलगायत मौसम प्रतिकूलाका कारण मुस्ताङको पर्यटनमा आशिंक असर पुगेको थियो ।

यद्यपि मुस्ताङमा सन् २०२५ को तुलनामा सन् २०२६ मा पर्यटकको सङ्ख्यामा अपेक्षाकृत वृद्धि भएको पाइएको हो । एक्याप जोमसोमका अनुसार सार्क राष्ट्रतर्फ पर्यटक वृद्धि हुनुमा अधिकांश भारतीय पर्यटकको आगमन रहेको उल्लेख गरेको छ । मुक्तिनाथ मन्दिर दर्शनका लागि बर्सेनि भारतीय पर्यटकको सङ्ख्या वृद्धि हुँदै गइरहेको एक्यापको भनाइ छ ।

यसैगरी अन्य राष्ट्रतर्फ मुस्ताङ भित्रिनेमा राउण्ड अन्नपूर्ण चर्किय पदमार्गको मनाङबाट थोरङ्ला पास हुँदै मुस्ताङ भित्रिनेको सङ्ख्या रहेको एक्यापले जनाएको छ । ***(रासस)***

मालपोतका कर्मचारीविरुद्ध मुद्दा दायर

काठमाडौँ, १७ कार्तिक । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गैरकानुनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको अभियोगमा मालपोत कार्यालय भक्तपुरका नायब सुब्बा यदुनाथ आचार्यसमेत छ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

आयोगका अनुसार आचार्यले रु. नौ करोड ७२ लाख ७१ हजार ९८९ बराबर गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको जनाएको छ ।

आयोगले आचार्य जिल्ला विकास समितिको कार्यालय, खोटाङमा गाविस सचिवमा नियुक्त भएको २०५४ माघ २ गतेदेखि सार्वजनिक पदमा बहाल रहेको २०८० मङ्सिर २१ गतेसम्मको अवधिको अनुसन्धान गरेको थियो ।

आयोगका अनुसार, सो अवधिममा आचार्य र उनको एकाघरको परिवार/सगोलमा रहेका व्यक्तिले रु. छ करोड २५ लाख ६३ हजार ३४५ वैध आय गरेको देखिन्छ । यस्तै, सोही अवधिममा रु. १५ करोड ९८ लाख ३५ हजार ३३५ बराबरको खर्च तथा लगानी गरेको पाइएको छ ।

परीक्षण अवधिमा वैध आयभन्दा खर्च तथा लगानी बढी भएको पाइएको आयोगको ठहर छ । आयोगले रु. नौ करोड ७२ लाख ७१ हजार ९८९ बराबर गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको आरोप लगाएको छ ।

आयोगले आचार्यको श्रीमती ललिता राजभण्डारी, छोरी निलु आचार्य र सरु आचार्यविरुद्ध समान बिगो बराबरको मागदाबी गरेको छ । यस्तै, भक्तपुर मध्यपुरथिमि-२ का प्रभा बस्नेत र काठमाडौँ पेप्सीकोलाका कुमारी कटुवालविरुद्ध रु. ३८ लाख ८६ हजार १८२ बराबरको बिगो मागदाबी गरेको छ ।

यस्तै, आयोगले आचार्य र उनका परिवारका सदस्यविरुद्ध पनि सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ३ बमोजिमको कसुर गरेको अभियोगमा अर्को मुद्दा दायर गरेको छ । ***(रासस)***

। सम्पादकीय ।

विषालु खेतीमा चर्न जाने सर्वोच्चका न्यायाधीशहरू !

जनताका प्रतिनिधिहरूको संस्था सङ्घीय संसद्ले देशभरि लागू हुने कानुन बनाउँछ । सो कानुनअनुसार कार्यपालिकाले देश र जनताको हितमा काम गर्छ । संसद् र कार्यपालिकाले गरेको निर्णय देश र जनताको हितमा नभए सच्याउन आवश्यक आदेश र परमादेश दिने न्यायपालिका वा सर्वोच्च अदालत हो । यतिखेर नेपालको न्यायपालिका बिचौलियाहरूको चङ्गुलमा परेको सार्वजनिक भयो । अहिले बिचौलियाको भूमिकामा देखिएका एक युवा इनम सापकोटाको नाम चर्चामा छ । अन्नपूर्ण पोस्ट दैनिकका अनुसार उनी २०८२ फागुन २१ गते भएको प्रतिनिधिसभाको चुनावमा झापा क्षेत्र नं. ५ मा रास्वपाका उम्मेदवार बालेन्द्र साहको पक्षमा सक्रिय थिए ।

'लाइट नेपाल' अनलाइनअनुसार इनमले भने, पूर्वप्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको सल्लाहअनुसार नेकाका केही नेताहरूको सम्पर्कमा पुगेको र दीपक भट्टको चिनजानमा गएको हुँ । चोलेन्द्रका लिस्टमा वर्तमान प्रधानन्यायाधीश मनोजकुमार शर्मा र सर्वोच्च अदालतका न्यायाधीश अब्दुल अजिज मुसलमानलगायत न्यायाधीशहरू रहेका छन् ।

यो भनाइ कसरी पुष्टि हुने हो ? स्पष्ट प्रमाण आएको छैन ।

जनआस्था अनलाइनअनुसार इनमको बारम्बार भेट पूर्वप्रधानन्यायाधीश चोलेन्द्र शमशेर जवरासँग भएको सार्वजनिक भयो । रास्वपा सरकार गठनपछि भ्रष्टाचार अन्त्य परको कुरा हो । बरु सुशासन झन्झन् खस्किँदै आएको पुष्टि भयो । यही बिचमा नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीलाई हटाउन एआइजी मनोज केसी लागिपरेको संवाद पनि सार्वजनिक भयो । यो संवादमा कति सत्यता छ पुष्टि हुनै बाँकी छ ।

सर्वोच्च अदालतका ५-७ जना न्यायाधीश बिचौलिया इनमलाई भेट्न हिमालय होटल पुगेको सार्वजनिक भइसकेको छ । इनमले सर्वोच्च अदालतका न्यायाधीशहरूलाई शक्तिशाली देशको राजदूतावासको गोप्य दूत भएको, रास्वपा सरकार र नेताहरूसँग सिधा सम्पर्क भएको महाभियोगसमेत रोक्न सक्ने बताएको अहिले खुलिरहेको छ । यो समाचार सार्वजनिक भएलगत्तै कतिपय बुद्धिजीवीहरूले बिचौलियालाई होटलमा भेट्न पुग्ने न्यायाधीशहरूले अविलम्ब राजीनामा दिनुपर्ने बताए । तर, इनमलाई नेपाल प्रहरीबाट पक्राउ गरिएको जिकिर गरियो ।

इनमको पक्राउविरुद्ध अदालतमा निवेदन दर्ता भएको खारेज भयो । यसलाई कानुनका विद्यार्थीहरूले इनम छुट्ने ढोका तत्काललाई बन्द भएको बताए । दीपक भट्टको पक्राउविरुद्ध पनि अदालतमा निवेदन दर्ता भयो तर यो निवेदन हालसम्म विचाराधीन छ । यसलाई कानुनका विद्यार्थीहरूले भट्ट छुट्ने ढोका अझै खुला छ भने । अदालतका न्यायाधीशहरूको सांस्कृतिक स्तरअनुसार निर्णय हुन्छ । सांस्कृतिक स्तर उच्च भएकाहरू कुनै बिचौलियाको प्रभावमा परेर पक्षपातपूर्ण निर्णय गर्दैनन् ।

वरिष्ठ अधिवक्ता ध्रुवलाल श्रेष्ठले प्रधानन्यायाधीश शर्मा र न्यायाधीश हरि फुयाँलको प्रमाण उपलब्ध भएको उल्लेख गर्दै प्रत्येक व्यापारीहरूको बिचौलिया हुनसक्नेतर्फ जनता सचेत हुनुपर्ने विषय औंल्याए । न्यायमूर्तिहरूले आफू न्यायाधीशजस्तो आचरण कायम राख्न सकेन भने राजीनामा दिनु जरुरी हुन्छ । यस्ता खोट लागेका न्यायाधीशहरूको इजलास नेपाल बार एशोसियसन र वकिलहरूले बहिष्कार गर्नु उपयुक्त हुन्छ । इनमले आफ्नो खेती गर्नु स्वाभाविक हो । तर, व्यापारीहरू विषालु खेतीमा चर्न गएपछि न्यायाधीशहरूले राजीनामा दिनुको विकल्प छैन जस्ता विचारहरू यतिबेला निस्किरहेको छ ।

युरोपको राजनीतिक तथा आर्थिक सङ्कट : आफ्नै रणनीतिको प्रत्याघात ?

● राजन

जर्मनीलगायत युरोपका धेरै देशहरू लामो समयसम्म रुसबाट आयात हुने प्राकृतिक ग्यासमा निर्भर थिए । युद्ध र प्रतिबन्धपछि रुसी ऊर्जा आपूर्तिमा आएको कमीले युरोपको ऊर्जा बजारमा ठुलो दबाब सिर्जना गऱ्यो । ऊर्जा लागत बढ्दा उद्योगहरूको उत्पादन लागत पनि बढ्यो । विशेषत: रसायन, स्टिल, मल तथा ऊर्जा-गहन उद्योगहरू प्रभावित भए । यसले युरोपको औद्योगिक प्रतिस्पर्धात्मक क्षमतामा दबाब सिर्जना गऱ्यो । अमेरिका र चीनजस्ता प्रतिस्पर्धी अर्थतन्त्रसँग तुलना गर्दा युरोपका केही उद्योगहरू लागतको दृष्टिले कमजोर बन्न पुगे ।

युरोपले युक्रेनको नाममा रुसलाई कमजोर बनाउने प्रयास गर्दा त्यसको आर्थिक तथा राजनीतिक असर स्वयं युरोपमाथि परेको छ । यसलाई 'Geo-political Boomerang Effect' वा 'Blowback' भन्न सकिन्छ । रुस-युक्रेन युद्ध केवल दुई राष्ट्रबिचको सैन्य सङ्घर्ष मात्र होइन, यो युद्ध युरोपको सुरक्षा व्यवस्था, आर्थिक संरचना, ऊर्जा निर्भरता, राजनीतिक स्थिरता र विश्व शक्ति सन्तुलनसँग प्रत्यक्ष रूपमा जोडिएको एउटा जटिल भू-राजनीतिक घटना हो ।

सन् २०२२ फेब्रुअरी २४ मा रुसले युक्रेनमाथि विशेष सैनिक कारबाही गरेपछि युरोपले युक्रेनलाई सैन्य, आर्थिक तथा कूटनीतिक सहयोग प्रदान गर्दै रुसमाथि व्यापक आर्थिक प्रतिबन्धहरू लगायो । युरोपको घोषित उद्देश्य युक्रेनको सार्वभौमिकता र क्षेत्रीय अखण्डताको रक्षा गर्ने नाममा रुसको सैन्य क्षमता कमजोर पार्नु थियो । तर, यस रणनीतिका अप्रत्याशित परिणामहरू पनि देखा परेका छन् । ऊर्जा सङ्कट, औद्योगिक प्रतिस्पर्धात्मक क्षमतामा गिरावट, सार्वजनिक खर्चको दबाब, राजनीतिक ध्रुवीकरण र दक्षिणपन्थी लोकप्रियतावादको उदयले युरोप स्वयंलाई सङ्कटको अवस्थामा पुऱ्याएको छ ।

यस सन्दर्भमा एउटा महत्त्वपूर्ण प्रश्न उठ्छ : के युरोपले रुसलाई कमजोर बनाउने रणनीति अपनाउँदा आफ्नै आर्थिक तथा राजनीतिक आधारलाई समेत कमजोर बनाइरहेको छ ?

रुस-युक्रेन युद्धको ऐतिहासिक पृष्ठभूमि

रुस-युक्रेन युद्धको जरा सोभियत सङ्घको विघटन, पूर्वी युरोपको सुरक्षा संरचनामा परिवर्तन, नाटोको विस्तार र युक्रेनको पश्चिममुखी राजनीतिक अभिमुखीकरणसँग जोडिएको छ । सन् १९९१ मा सोभियत सङ्घ विघटन भएपछि युक्रेन स्वतन्त्र राष्ट्र बन्यो । त्यसपछि युक्रेनको राजनीतिक दिशा र रुससँगको सम्बन्ध निरन्तर विवादको विषय बन्यो । रुसले नाटोको विस्तारलाई आफ्नो सुरक्षा चुनौतीका रूपमा व्याख्या गरेको छ । यस युद्धमा अमेरिका र युरोपको समर्थनले युक्रेनको प्रतिरोध क्षमतालाई बलियो बनाएको छ । तर, यसले रुस र पश्चिमबिचको तनावलाई पनि दीर्घकालीन बनाएको छ ।

ऊर्जा सङ्कट र औद्योगिक प्रतिस्पर्धात्मक क्षमतामा गिरावट

जर्मनीलगायत युरोपका धेरै देशहरू लामो समयसम्म रुसबाट आयात हुने प्राकृतिक ग्यासमा निर्भर थिए । युद्ध र प्रतिबन्धपछि रुसी ऊर्जा आपूर्तिमा आएको कमीले युरोपको ऊर्जा बजारमा ठुलो दबाब सिर्जना गऱ्यो । ऊर्जा लागत बढ्दा उद्योगहरूको उत्पादन लागत पनि बढ्यो । विशेषत: रसायन, स्टिल, मल तथा ऊर्जा-गहन उद्योगहरू प्रभावित भए । यसले युरोपको औद्योगिक प्रतिस्पर्धात्मक क्षमतामा दबाब सिर्जना गऱ्यो । अमेरिका र चीनजस्ता प्रतिस्पर्धी अर्थतन्त्रसँग तुलना गर्दा युरोपका केही उद्योगहरू लागतको दृष्टिले कमजोर बन्न पुगे । यसरी रुसमाथि आर्थिक दबाब सिर्जना गर्ने रणनीतिले युरोपलाई समेत ऊर्जा तथा औद्योगिक सङ्कटको सामना गर्न बाध्य बनायो ।

आर्थिक सङ्कट र जनअसन्तुष्टि

युद्धले ऊर्जा मूल्य, खाद्य मूल्य, उत्पादन लागत र सार्वजनिक खर्चमा दबाब सिर्जना गऱ्यो । यसले पहिले नै सार्वजनिक ऋण, बजेट घाटा र आर्थिक सुस्तताबाट प्रभावित युरोपेली अर्थतन्त्रहरूलाई थप चुनौतीपूर्ण अवस्थामा पुऱ्यायो । सामान्य नागरिकले महँगी, करको भार, रोजगारीको अनिश्चितता तथा जीवनयापनको बढ्दो लागत अनुभव गर्दा सरकारप्रतिको असन्तुष्टि बढ्यो ।

राजनीतिक ध्रुवीकरण र दक्षिणपन्थी लोकप्रियतावादको उदय

फ्रान्स, जर्मनीलगायत युरोपेली देशहरूमा दक्षिणपन्थी तथा लोकप्रियतावादी दलहरूको समर्थन बढेको छ । युरोपमा पछिल्लो समय बढ्दै गएको राजनीतिक असन्तुष्टिको प्रमुख कारणहरूमा आप्रवासन र राष्ट्रिय पहिचानको मुद्दा, जीवनयापनको बढ्दो लागत तथा युक्रेनलाई प्रदान गरिँदै आएको आर्थिक र सैन्य सहयोग रहेका छन् । धेरै युरोपेली नागरिकहरू आप्रवासनले आफ्नो राष्ट्रिय पहिचान र सामाजिक संरचनामा प्रभाव परेको महसुस गर्छन् । त्यस्तै, महँगी, ऊर्जा सङ्कट र रोजगारीको अनिश्चितताले उनीहरूको जीवन कठिन बनाएको छ । अर्कोतर्फ, रुस-युक्रेन युद्धका कारण युक्रेनलाई निरन्तर प्रदान गरिँदै आएको ठुलो आर्थिक तथा सैन्य सहयोगले राष्ट्रिय बजेटमाथि थप दबाब सिर्जना गरेको भन्दै आलोचना भइरहेको छ । यी परिस्थितिले परम्परागत राजनीतिक दलहरूप्रति जनविश्वास घटाउँदै दक्षिणपन्थी तथा लोकप्रियतावादी दलहरूको उदयलाई बल प्रदान गरेको देखिन्छ । उदाहरणका लागि, जर्मनीको Alternative für Deutschland AfD र फ्रान्सको National Rally -RN ले आप्रवासन तथा युरोपको रुससम्बन्धी नीतिलाई राजनीतिक बहसको केन्द्रमा राखेका छन् ।

फ्रान्स र जर्मनीको राजनीतिक सङ्कटसँग युद्धको सम्बन्ध

फ्रान्सको राजनीतिक अस्थिरता मुख्यत: सार्वजनिक ऋण, बजेट घाटा, राजनीतिक ध्रुवीकरण, आप्रवासन बहस र राष्ट्रपति इमानुएल म्याक्रोनको कमजोर हुँदै गएको राजनीतिक प्रभावसँग सम्बन्धित छ । रुस-युक्रेन युद्धले युरोपको राजनीतिक तथा आर्थिक सङ्कटलाई थप गहिरो बनाएको छ । युक्रेनलाई निरन्तर आर्थिक तथा सैन्य सहयोग प्रदान गर्ने नीतिमाथि युरोपेली नागरिक र राजनीतिक दलहरूबिच मतभेद बढ्दै गएको छ । युद्धका कारण रक्षा खर्च वृद्धि गर्नुपर्ने दबाबले सरकारहरूको बजेटमा थप भार सिर्जना गरेको छ, जसले शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा तथा विकास खर्चबिच सन्तुलन कायम गर्न चुनौती उत्पन्न गरेको छ । यसका साथै, युद्धको दीर्घकालीनता र त्यसको आर्थिक प्रभावका कारण सरकारको विदेश नीतिप्रति जनसमर्थन कमजोर हुँदै गएको देखिन्छ । फलस्वरूप, युरोपमा राजनीतिक ध्रुवीकरण, जनअसन्तुष्टि र लोकप्रियतावादी राजनीतिक शक्तिहरूको उदयलाई थप बल मिलेको छ ।



सन् १९७३ अरब-इजरायल युद्धको समयमा तेल आपूर्तिमा आएको अवरोधले युरोपमा ऊर्जा सङ्कट, महँगी र आर्थिक मन्दी सिर्जना गरेको थियो । यस घटनाले ऊर्जा निर्भरता राष्ट्रिय सुरक्षासँग सम्बन्धित विषय हो भन्ने स्पष्ट पारेको थियो । तर, पछि युरोपका केही प्रमुख अर्थतन्त्रहरू फेरि रुसी ऊर्जा आपूर्तिमा अत्यधिक निर्भर भए । यसले इतिहासबाट सिकिएको पाठलाई पर्याप्त रूपमा कार्यान्वयन नगरेको विडम्बना देखाउँछ ।

जर्मनी


जर्मनीको सङ्कट फ्रान्सभन्दा केही फरक छ । जर्मनीको अर्थतन्त्र परम्परागत रूपमा औद्योगिक उत्पादन, निर्यात र तुलनात्मक रूपमा सस्तो ऊर्जा आपूर्तिमा आधारित थियो । रुसी ग्यासमा निर्भरता घटेपछि ऊर्जा लागत, औद्योगिक प्रतिस्पर्धा र उत्पादन प्रणालीमा दबाब सिर्जना भयो । यससँगै आर्थिक सुस्तता, आप्रवासन विवाद र परम्परागत राजनीतिक दलहरूप्रतिको असन्तुष्टिले AfD जस्ता दलहरूलाई समर्थन बढाउने अवसर प्रदान गरेको छ । यस अर्थमा रुस-युक्रेन युद्ध जर्मनीको आर्थिक तथा राजनीतिक सङ्कटलाई तीव्र बनाउने एउटा महत्त्वपूर्ण बाह्य कारक हो ।

इतिहासका महत्त्वपूर्ण पाठहरू

सन् १९७३ अरब-इजरायल युद्धको समयमा तेल आपूर्तिमा आएको अवरोधले युरोपमा ऊर्जा सङ्कट, महँगी र आर्थिक मन्दी सिर्जना गरेको थियो । यस घटनाले ऊर्जा निर्भरता राष्ट्रिय सुरक्षासँग सम्बन्धित विषय हो भन्ने स्पष्ट पारेको थियो । तर, पछि युरोपका केही प्रमुख अर्थतन्त्रहरू फेरि रुसी ऊर्जा आपूर्तिमा अत्यधिक निर्भर भए । यसले इतिहासबाट सिकिएको पाठलाई पर्याप्त रूपमा कार्यान्वयन नगरेको विडम्बना देखाउँछ ।

अन्ततः, कुनै पनि भू-राजनीतिक रणनीतिको सफलता प्रतिद्वन्द्वीलाई कति कमजोर बनाइयो भन्ने आधारमा मात्र होइन, त्यस रणनीतिले आफ्नै राष्ट्र वा क्षेत्रलाई कति सुरक्षित र समृद्ध बनायो भन्ने आधारमा पनि मापन गर्नुपर्छ ।

भक्तपुर–साँखु सडक निर्माणमा किन ढिलाइ ?



पाठक पत्र

भक्तपुर । देकोचा - साँखु सडक निर्माण भइरहेको ४ वर्ष हुन लागेको छ । २ वर्षभित्र करिब १० किमि बाटो सम्पन्न गर्ने योजना बनाइएको थियो । आज वर्षौं बित्दा पनि भक्तपुर नपा क्षेत्रको १.५ किमि र मनोहरा पुलदेखि चाँगुसम्म निर्माण कार्य सम्पन्न भएर पनि बिग्रने अवस्थामा पुगिसकेको छ । चाँगुनारायण नपा वडा नं. ३, ५ तथा ४ वडाअन्तर्गत करिब ४ किमि बाटो बनेको छैन । भक्तपुर नपा र चाँगुनारायण नपाको सिमानास्थित बारे पुलदेखि पिखेल पुलसम्म बाटो फराकिलो बनाई दुवैतर्फ ग्राबेलिङ वाल लगाइएको छ । तर, कालोपत्रे गरिएको छैन । साथै भक्तपुर नपा क्षेत्रभित्र दुवैतर्फ ढल निकास र फुटपाथसमेत निर्माण भइसकेको छ । तर, छालिङ र झौखेल सिमानाको बाटो फराकिलो बनाइसकेको भए पनि ढल निकास र फुटपाथ निर्माण गरिएको छैन । सो बाटो खण्डको पूर्वतर्फ २०३८/०३९ सालसम्म राजकुलोजस्तै कुलो थियो । उक्त सडक खण्डमा भक्तपुर नपाको खण्डमा जस्तै ढल निकास राखिने हो कि होइन ? साथै पिखेल र पौवा क्षेत्रमा बाटो फराकिलो कहिले गर्ने हो ? चाँगुनारायण नपा वडा नं. ३, ४ र ५ का वडाध्यक्षहरूले पहल गर्नुपर्ने होइन र ? मनोहरा पुलपारि शङ्खरापुर नपा क्षेत्रमा करिब १ किमि बाटो ज्यादै साँघुरो छ । किन सडक नबनेको हो ? सम्बन्धित निकायको तत्काल ध्यान जाओस् ।

साँखु क्षेत्र पहिला भक्तपुर जिल्लाकै भूभाग थियो । भनिन्छ, मनोहरा खोलाले मान्छे बगाएपछि काठमाडौंमा गाभिएको थियो । भक्तपुर-साँखु बाटो निर्माण गर्नुपर्ने कुरा पञ्चायतकालदेखि निरन्तर रूपमा उठेको र पहलसमेत भइरहेको हो । अहिले बाटो निर्माण गर्ने आयोजना आउनु स्वागतयोग्य छ । तर, विडम्बना ! चाँगुनारायण नपा र बजेट कार्यान्वयन गर्ने सम्बन्धित कार्यालयको प्राथमिकतामा परेको देखिँदैन । यसतर्फ पनि ध्यान जानु आवश्यक छ ।

- टी.बी. थुया, झौखेल

इरानमाथि अमेरिका–इजरायलको युद्ध कसरी रोक्ने ?

✍ जेफ्री जाक्स र सिबिल फारेश

(अरब राष्ट्रहरूले इजरायली आधिपत्यलाई अस्वीकार गर्नुपर्छ र वासिङटनबाट स्वतन्त्र रहने गरी क्षेत्रीय सुरक्षा संरचना निर्माण गर्नुपर्छ ।)

इजरायल र संयुक्त राज्य अमेरिकाले फेब्रुअरी २८ मा इरानविरुद्ध सुरु गरेको युद्ध अहिले केही मत्थर भएको छ तर समाप्त भएको छैन । मुख्य लडाइँ रोकिएको छ, कूटनीतिक प्रयासहरू ठप्प भएका छन् र दुवै पक्ष अर्को चरणको भिडन्तका लागि तयारी गरिरहेका छन् । लडाइँ किन चाँडै फेरि सुरु हुनेछ भन्ने कुरा बुझ्न, यो लडाइँ सुरु गर्ने दुई सरकार (संरा अमेरिका र इजरायल) हरूको मनसाय बुझ्न आवश्यक छ । ती दुवै देशका सरकार शान्ति चाहँदैनन् । इजरायलको नेतृत्व मध्यपूर्वमा आफ्नो प्रभुत्व कायम राख्न चाहन्छ भने संयुक्त राज्य अमेरिका विश्वभर आफ्नो प्रभुत्व जोगाइराख्न चाहन्छ । यी उद्देश्यहरू उल्लेख गर्नु पनि दुवै सरकारहरू भ्रमपूर्ण संसारमा काम गरिरहेका छन् भन्ने कुरालाई स्पष्ट पार्छ ।

इजरायली राजनीतिक नेतृत्व यस विश्वासमा डुबेको छ कि इजरायलको अस्तित्व अरब जगत्माथिको उसको सैन्य श्रेष्ठता तथा प्यालेस्टिनी जनतालाई स्थायी रूपमा अधीनमा राख्ने वा उनीहरूको उन्मूलन गर्ने कुरामा निर्भर गर्दछ । यो विश्वास एक प्रकारको सामूहिक पागलपन हो, तैपनि यही त्यो सिद्धान्त हो जसले इजरायली नीतिलाई निर्देशित गर्छ । इजरायली नेताहरू यो कुरा स्वीकार गर्न सक्दैनन् कि शान्ति पहुँचभित्रै छ । सन् २००२ को अरब शान्ति पहलमा, अरब राष्ट्रहरूले सन् १९६७ को सिमानाका आधारमा प्यालेस्टिनी राज्यको बदलामा इजरायलसँग पूर्ण सामान्यीकरण प्रस्ताव राखेका थिए र सो प्रस्ताव अझै पनि कायम छ ।

गाजामा भइरहेको नरसंहार, प्यालेस्टिनी जनताप्रतिको घृणा र उनीहरूलाई आफ्नै भूमिबाट हटाउने प्रयासको जगमा शान्ति स्थापना हुनसक्दैन । तर, प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले यही बाटो रोजेका छन् र अहिले उनी आफ्ना 'राष्ट्रिय धार्मिक' सहयोगीहरू, जसमा इतामार बेन-गभिर र बेजालेल स्मोट्रिच पनि सामेल छन्, (उनीहरू) सँग मिलेर खुलेआम यसैको पक्षमा प्रचार गरिरहेका छन; यी सहयोगीहरू घृणा र हत्यालाई बढावा दिन धर्मलाई तोडमोड गर्छन् ।

संयुक्त राज्य अमेरिका आफ्नो घट्दो शक्तिलाई लिएर चिन्तित छ । इरान ७० वर्षभन्दा बढी समयदेखि अमेरिकाको निसानामा रहँदै आएको छ । सन् १९५३ मा इरानका निर्वाचित प्रधानमन्त्री मोहम्मद मोसादेगले इरानको तेल उद्योगलाई राष्ट्रियकरण गरेपछि, सीआईए (CIA) र बेलायती गुप्तचर निकायले मिलेर उनलाई सत्ताच्युत गरिदिए । त्यसपछि संरा अमेरिकाले शाहलाई सत्तामा स्थापित गऱ्यो र उनको दमनकारी शासनलाई समर्थन दियो; जबसम्म सन् १९७९ मा इरानी जनताले शाह-शासनलाई उखालेर फालेनन् । अमेरिकाले इरानलाई अमेरिकी प्रभुत्वबाट उम्किएकोमा कहिल्यै माफ गरेको छैन । सन् १९८० को दशकमा अमेरिकाले इरानविरुद्ध सद्दाम हुसेनले छेडेको घातक युद्धलाई सघाउ गऱ्यो र त्यसपछि चार दशकसम्म आर्थिक युद्ध, गोप्य कारबाही, साइबर आक्रमण तथा हत्याका शृङ्खलाहरू जारी राख्यो । ट्रम्पले सन् २०१८ मा सन् २०१५ को आणविक सम्झौता रद्द गरे, सन् २०२५ को जून महिनामा इरानका आणविक केन्द्रहरूमा बमबारी गरे र त्यसपछि यस वर्षको फेब्रुअरीमा इजरायलसँग मिलेर इरानविरुद्ध प्रत्यक्ष युद्धमा सामेल भए, सो क्रममा युद्धको सुरुवाती आक्रमणहरूबाटै इरानका सर्वोच्च नेताले सहादत प्राप्त गरे ।

इरानमाथि वाशिङटनको अत्यधिक ध्यान अमेरिकी आधिपत्यको सेवामा समर्पित छ । 'द





ग्रान्ड चेसबोर्ड' (१९९७) मा, जिबिग्न्यिु ब्रेजिन्स्कीले इरानलाई पाँचवटा 'भूराजनीतिक केन्द्रहरू' (Geographic Pivots) मध्ये एकका रूपमा उल्लेख गरेका छन् - यस्ता राष्ट्रहरू, जसको महत्त्व तिनको आफ्नै शक्तिका कारणभन्दा पनि तिनीहरू अवस्थित रहेको स्थानका कारण बढी हुन्छ । इरानको खाडी र होर्मुज जलडमरूमाथि नियन्त्रण छ । ब्रेजिन्स्कीले लेखेका थिए कि चीन, रुस र इरानको एउटा 'आधिपत्यविरोधी' गठबन्धन तबमात्र बन्न सक्छ, "यदि संयुक्त राज्य अमेरिकाले, चीन र इरान दुवैलाई एकैसाथ अदूरदर्शी भएर आफ्नो शत्रु बनायो भने ।" वास्तवमा, वासिङटन त्यति नै अदूरदर्शी र लापरवाह साबित भएको छ ।

युद्ध पुनः सुरु हुने सङ्केतहरू लुकेका छैनन् । यसहप्ता, युद्ध सचिव (रक्षामन्त्री) पिट हेगसेथले पुनः संयुक्त आक्रमणहरूका विषयमा छलफल गर्न इजरायलको भ्रमण गरे; इजरायली स्रोतहरूका अनुसार यी योजनाहरूले इरानका पेट्रोकेमिकल सुविधाहरू र आणविक स्थलहरूलाई लक्षित गरेका छन् । ह्वाइट हाउसले नोभेम्बर ३ मा हुने मध्यावधि निर्वाचनअघि संयुक्त राज्य अमेरिकाले इरानमाथि आक्रमण नगर्ने प्रतिबद्धता जनाएको छ; यो वास्तवमा युद्धको समयतालिका घोषणा गर्ने अर्को तरिका हो । इरानका बन्दरगाहहरूमाथि अमेरिकी नौसेनाले लगाएको नाकाबन्दी १०० दिन नाघेको छ । सेप्टेम्बरमा इरानले सातदिने युद्धविरामको प्रस्ताव राखेको थियो, जसलाई ट्रम्पले अस्वीकार गरे; यद्यपि तेहरानका अनुसार उक्त प्रस्ताव अझै कायम छ ।

इजरायलमा अक्टोबर २७ को निर्वाचनले आगोमा घिउ थप्ने काम गरेको छ । अक्टोबर १८ मा ट्रम्पले समर्थन गर्दै भने कि नेतन्याहु नेतृत्वमा रहेकै अवस्थामा मात्र संरा अमेरिकाले इरानविरुद्धको 'काम पूरा' गर्नेछ । अक्टोबर २१ मा, डिमोना (जहाँ इजरायलले गोप्य रूपमा आफ्नै आणविक हतियार भण्डार निर्माण गरेको रियाक्टर अवस्थित छ) मा आयोजित एक च्यालीमा, नेतन्याहुले इरानी खतरा अन्त्य गर्ने एकमात्र उपाय त्यहाँको शासन सत्ता ढाल्नु रहेको बताएका थिए । उनले सेना, मोसाद (इजरायली गुप्तचर संस्था) र सुरक्षा निकायहरूलाई यस्तो निर्देशन दिइसकेको जानकारी दिए ।

इरानले स्वाभाविक रूपमै आफ्नै निष्कर्ष निकालेको छ । यसका कमान्डरहरूले नयाँ आक्रामक सिद्धान्तको घोषणा गरेका छन् जसमा इरानविरुद्धको कारबाहीका लागि प्रयोग गरिने छिमेकी देशहरूमा रहेका आधारहरूमा पूर्व-प्रभावकारी हमला र आक्रमणहरू समावेश छन् र उनीहरूले चेतावनी दिएका छन् कि नयाँ आक्रमणले विश्वव्यापी ऊर्जा सङ्कट ल्याउनेछ । होर्मुजको जलडमरूमा समुद्री-ढुवानीमा हुने आक्रमणहरू यस महिना नयाँ उच्च बिन्दुमा पुगेका छन् ।

यो त्यो वास्तविकता हो जसको सामना अहिले अरब जगत्, विशेष गरी खाडी मुलुकहरूले गरिरहेका छन् । खाडी क्षेत्रभरि रहेका अमेरिकी सैन्य आधारहरूले यस युद्धमा सुरक्षा दिन सकेनन् । तिनले आफूलाई आश्रय दिने राष्ट्रहरूलाई नै निसानामा परिणत गरे । 'फुटाऊ र राज गर' भन्ने अमेरिका-इजरायलको रणनीति, जसले इरानलाई यस क्षेत्रको स्थायी शत्रुको रूपमा चित्रण गऱ्यो र अरब राष्ट्रहरूलाई इजरायली प्रभुत्व स्वीकार गर्दै अमेरिकी शक्तिको ओत लाग्न प्रेरित गऱ्यो; यसले यस क्षेत्रमा युद्ध, खाडी मुलुकहरूमा आर्थिक नोक्सानी तथा प्यालेस्टिन र लेबननमा व्यापक नरसंहार निम्त्याएको छ ।

यो पागलपन रोक्ने एउटै उपाय भनेको अरब जगत्ले संयुक्त राज्य अमेरिकालाई 'अब धेरै भयो' भनेर भन्नु हो । अरब राज्यहरूले घोषणा गर्नुपर्छ कि उनीहरूले इजरायली प्रभुत्वलाई कहिल्यै स्वीकार गर्ने छैनन्, प्यालेस्टिन एक सार्वभौम राज्य हुनुपर्छ र यस क्षेत्रको सुरक्षा वासिङटनबाट नभई क्षेत्रीय सहकार्यबाट प्राप्त हुनेछ । यसको समाधान अरब शान्ति पहलमा भएजस्तै दुई राज्य वा दुई राज्यहरू मिलेर बनेको एउटा लोकतान्त्रिक राज्य अथवा एक परिसङ्घ (Confederation) हुन सक्छ । महत्त्वपूर्ण कुरा के हो भने, करिब ८० लाखको सङ्ख्यामा रहेका इजरायली यहुदी र प्यालेस्टिनी अरबहरू; शान्ति, सुरक्षा र आत्मनिर्णयको अधिकारका साथ बसून् । इजरायलको क्रूर रङ्गभेदी राज्यलाई निरन्तरता दिनु सम्भव छैन ।

सुरुवातका सङ्केतहरू देखिन थालेका छन् । कतारले खाडी सहयोग परिषद् (GCC) का सदस्य राष्ट्रहरू, टर्की र पाकिस्तानबिच क्षेत्रीय संवादको आह्वान गरेको छ; साथै, कतार, पाकिस्तान र ओमानले युद्धभरि तेहरानसँग मध्यस्थताका माध्यमहरू खुला राखेका छन् । यी प्रयासहरू विकसित हुँदै एउटा स्थायी क्षेत्रीय सुरक्षा संरचना बन्नुपर्छ, जसमा इरान, खाडी राष्ट्रहरू, इजिप्ट, टर्की, इराक र पाकिस्तान समेटिऊन् । यो संरचना आपसी अनाक्रमण, जलयात्राको स्वतन्त्रता तथा आणविक हतियारमुक्त क्षेत्रको अवधारणामा आधारित हुनुपर्छ, जसमा कालान्तरमा इजरायललाई पनि समावेश गरिनुपर्छ ।

अरब राष्ट्रहरूसँग उनीहरूले महसुस गरेभन्दा धेरै बढी प्रभाव पार्ने क्षमता छ । यदि साउदी अरब, संयुक्त अरब इमिरेट्स, कतार र तिनका छिमेकी मुलुकहरूले इरानविरुद्धको अर्को युद्धका लागि आफ्नो भूभाग र हवाई क्षेत्र प्रयोग गर्न नदिने घोषणा गरे, साथै प्यालेस्टिनी राज्य स्थापना नभएसम्म इजरायलसँगको सम्बन्ध सामान्यीकरण गर्ने कुरा अस्वीकार गरे भने, वासिङटन र तेलअभिभको हिसाबकिताब तुरुन्तै परिवर्तन गर्नुपर्ने अवस्था आउनेछ । अनि अमेरिकी जनता, जो इरानविरुद्धको युद्धलाई घृणा गर्छन् र प्यालेस्टिनको पक्ष लिन्छन्, उनीहरू खुसीले जयजयकार गर्नेछन् ।

इरानलाई अरब जगतको स्थायी शत्रुको रूपमा खडा गरेर अमेरिकाको नेतृत्वमा अपनाएको 'फुटाऊ र राज गर' को युग समाप्त भइसकेको छ; भलै वासिङटन र तेल अभिभले यो कुरा स्वीकार गर्न नमानून् । अरब राष्ट्रहरूले युद्धको अर्को चरण सुरु हुनुअघि नै यो कुरा खुलस्त रूपमा भन्नुपर्छ र यसो गरेर, एउटा यस्तो क्षेत्र निर्माण गर्ने बाटो खोल्नुपर्छ जसले आफ्नै सुरक्षा र शान्तिको सुनिश्चितता गर्न सकोस् ।

भक्तपुरको ख्वप अस्पतालबाट सिक्नुपर्ने पाठ

● जे.पी. तिमिल्सिना

विकासका लागि स्रोतसाधन मात्र पर्याप्त हुँदैनन्; त्यसलाई सही दिशामा परिचालन गर्ने दूरदृष्टि, दृढ इच्छाशक्ति, इमानदार नेतृत्व र जनताप्रतिको उत्तरदायित्व पनि उत्तिकै आवश्यक हुन्छ । स्थानीय सरकारले आफ्नो भूगोल, स्रोतसाधन र अधिकारको प्रभावकारी उपयोग गर्न सके नागरिकको जीवनमा कस्तो सकारात्मक परिवर्तन ल्याउन सक्छ भन्ने कुराको एउटा प्रेरणादायी उदाहरण भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालको अवलोकनबाट अनुभव गर्ने अवसर प्राप्त भयो ।

भक्तपुर नगरपालिकाले स्वास्थ्य क्षेत्रमा गरेका सकारात्मक प्रयासबारे जानकारी लिने, अवलोकन गर्ने र अनुभव आदानप्रदान गर्ने उद्देश्यले कार्तिक १६ गते हाम्रो टोली ख्वप अस्पताल पुगेको थियो । टोलीमा चार जना सहभागी थियौं । बिहान करिब १० बजे अस्पताल परिसरमा पुग्दा भ्रमणको उद्देश्यसँगै केही आत्मीय र अविस्मरणीय क्षणहरू पनि जोडिन पुगे ।

अस्पतालको प्रवेशद्वारमै मेरा आत्मीय मित्र सरोजराज गोसाईसँग भेट भयो । लामो समयको अन्तरालपछि भएको भेटले पुराना सम्झना र आत्मीय सम्बन्धलाई पुनः ताजा बनायो । धेरै वर्षको विछोडपछि पुनर्मिलन भएजस्तै आत्मीयतापूर्वक भलाकुसारी र विचार आदानप्रदान गऱ्यौं । वास्तवमा भ्रमण र यात्राको सुन्दर पक्षमध्ये एउटा पक्ष यस्ता आत्मीय सम्बन्धको पुनर्ताजगी पनि रहेछ ।

त्यसै क्रममा ख्वप अस्पतालमा उपचाररत हामी सबैका आदर्श, प्रेरणास्रोत एवम् आदरणीय नेता बुद्धिकुमार गोसाईको स्वास्थ्य अवस्थाबारे चासो राख्यौं । उहाँको स्वास्थ्य अवस्थाबारे जानकारी लियौं, भेटघाट गऱ्यौं र शीघ्र स्वास्थ्यलाभको कामना गऱ्यौं । विचार, सिद्धान्त, निष्ठा र समर्पणबाट समाजलाई मार्गदर्शन गर्ने अग्रज व्यक्तित्वप्रतिको सम्मान र आत्मीयता व्यक्त गर्ने त्यो क्षण पनि हाम्रो लागि विशेष रह्यो ।

त्यसपछि अस्पतालको सेवा प्रवाह, भौतिक संरचना, व्यवस्थापन र उपचार प्रणालीबारे जानकारी लिने तथा अवलोकन गर्ने क्रम अघि बढ्यो । अस्पतालमा कार्यरत डा. सुनिता आचार्य र शङ्कर आचार्यसँग भेटघाट तथा भलाकुसारी गर्ने अवसर मिल्यो । उहाँहरूसँगको संवादबाट अस्पतालको स्थापना, सञ्चालन, सेवा व्यवस्थापन र स्वास्थ्य सेवाका विभिन्न पक्षबारे थप जानकारी प्राप्त भयो ।

अस्पतालकै भोजनालयमा भोजन गर्ने अवसर मिल्यो । अस्पतालभित्रै उपचार, सेवा र भोजनको व्यवस्थापनलाई नजिकबाट अनुभव गर्दा स्वास्थ्य संस्थाको समग्र व्यवस्थापनमा साना देखिने पक्षहरूको समेत कति महत्त्व हुँदोरहेछ भन्ने अनुभूति भयो ।

ख्वप अस्पताल : स्थानीय सरकारको दूरदृष्टि र जनसेवाको अनुकरणीय उदाहरण

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित १०० शय्याको स्वीकृतिसहितको ख्वप अस्पताल उपचार गर्ने स्वास्थ्य संस्था मात्र होइन; यो स्थानीय सरकारको दूरदृष्टि, जनसेवाप्रतिको प्रतिबद्धता, संस्थागत इच्छाशक्ति र कार्यान्वयन क्षमताको जीवन्त उदाहरणको रूपमा देखिन्छ ।

विशेषज्ञ स्वास्थ्य सेवा, आधुनिक उपचार प्रविधि, दक्ष स्वास्थ्य जनशक्ति, विपन्न नागरिकलाई उपचारमा सहयोग, नगरवासीका लागि निःशुल्क रगत तथा अक्सिजनको व्यवस्था र नागरिकमैत्री सेवा प्रवाहले अस्पताललाई विशिष्ट बनाएको छ । स्वास्थ्य सेवालाई नागरिकको पहुँच र आवश्यकतासँग जोड्ने, आर्थिक अवस्थाका कारण कोही पनि उपचारबाट वञ्चित हुन नपरोस् भन्ने भावनालाई व्यवहारमा उतार्ने तथा स्थानीय सरकारले आफ्नै पहलमा स्वास्थ्य सेवाको विकास र विस्तार गर्न सक्ने उदाहरण प्रस्तुत गर्नु यसको महत्त्वपूर्ण पक्ष हो । भक्तपुर नगरपालिकाले घरदैलो नर्सिङ सेवामार्फत स्वास्थ्य सेवालाई नागरिकको घरसम्म पुऱ्याउने प्रयास गरेको छ । अस्पतालसम्म पुग्न नसक्ने ज्येष्ठ नागरिक, अशक्त तथा स्वास्थ्य सेवाको थप आवश्यकता भएका व्यक्तिलाई लक्षित यस्ता कार्यक्रमले स्वास्थ्य सेवाको अवधारणालाई अझ मानवीय र नागरिकमैत्री बनाएका छन् ।

अवलोकन, सोधपुछ र अन्तरङ्ग छलफलबाट हामीले एउटा महत्त्वपूर्ण कुरा बुझ्ने अवसर पायौं - स्वास्थ्य सेवा कुनै सामान्य प्रशासनिक कार्यक्रम मात्र होइन, नागरिकको जीवन, सम्मान र मौलिक आवश्यकतासँग प्रत्यक्ष जोडिएको विषय हो । स्थानीय सरकारले अस्पताल सञ्चालनदेखि आधारभूत स्वास्थ्य सेवा, विशेषज्ञ परामर्श, रोगको रोकथाम, घरदैलो स्वास्थ्य सेवा र आर्थिक रूपमा कमजोर नागरिकको उपचारमा सहयोग पुऱ्याउनेसम्म प्रभावकारी भूमिका निर्वाह गर्न सक्छ । यसका लागि स्पष्ट नीति, योजनाबद्ध लगानी, दक्ष जनशक्ति, पारदर्शी व्यवस्थापन र निरन्तर अनुगमन आवश्यक हुन्छ ।

भक्तपुरबाट प्राप्त एउटा गहिरो सिकाइ

भक्तपुरको यो अभ्यासले विकासका सम्बन्धमा एउटा महत्त्वपूर्ण सत्य पुनः स्मरण गराएको छ - विकासका लागि स्रोतसाधन मात्र पर्याप्त हुँदैनन् । त्यसलाई सही दिशामा परिचालन गर्ने नेतृत्व, स्पष्ट दृष्टिकोण, इमानदारी, लगनशीलता, संस्थागत प्रतिबद्धता र जनताप्रतिको उत्तरदायित्व पनि उत्तिकै आवश्यक हुन्छ । देशका ७५३ वटै स्थानीय तहले भक्तपुरको हुबहु अनुकरण गर्नुपर्छ भन्ने छैन । हरेक स्थानीय तहको भूगोल, जनसङ्ख्या, आर्थिक अवस्था, आवश्यकता र प्राथमिकता फरक छन् । तर, भक्तपुरको सेवाभाव, व्यवस्थापकीय क्षमता, जनमुखी सोच, संस्थागत निरन्तरता र परिणाममुखी कार्यशैलीबाट सबैले अवश्य सिक्न सक्छन् । कुनै स्थानीय तहले विशेषज्ञ चिकित्सकको नियमित सेवा विस्तार गर्न सक्छ, कुनैले स्वास्थ्य चौकीलाई व्यवस्थित बनाउन सक्छ, कुनैले प्रयोगशाला, औषधि, एम्बुलेन्स र आकस्मिक सेवालाई प्रभावकारी बनाउन सक्छ । कतै घरदैलो स्वास्थ्य सेवा र विपन्न नागरिकको उपचारलाई प्राथमिकता दिन सकिन्छ । मुख्य कुरा आफ्नो आवश्यकता पहिचान गरी उपलब्ध स्रोतसाधनको अधिकतम उपयोग गर्नु हो ।

आफ्नै ठाउँमा पनि सम्भव छ सकारात्मक परिवर्तन

यो भ्रमणले मलाई विशेष गरी आफ्नै गाउँठाउँ, चामुण्डा विन्द्रासैनी नगरपालिका र समग्र कर्णाली प्रदेशको विकास सम्भावनाबारे थप सोच्न प्रेरित गरेको छ । हामीसँग भौगोलिक विकटता, सीमित आर्थिक स्रोत, दक्ष जनशक्तिको अभाव र पूर्वाधारका चुनौती हुन सक्छन्; तर सम्भावनाको अभाव छैन । आवश्यकता छ - समस्यालाई बहाना होइन, समाधान खोज्ने अवसरका रूपमा लिने नेतृत्वको; योजनालाई कागजमा सीमित नराखी व्यवहारमा उतार्ने प्रतिबद्धताको र जनताको आवश्यकतालाई विकासको केन्द्रमा राख्ने कार्यसंस्कृतिको ।

हाम्रो आफ्नै ठाउँमा पनि स्थानीय स्वास्थ्य संस्थालाई व्यवस्थित बनाउने, आवश्यक स्वास्थ्यकर्मीको व्यवस्था गर्ने, विशेषज्ञ चिकित्सकको सेवा विस्तार गर्ने, नियमित स्वास्थ्य शिविर सञ्चालन गर्ने, ज्येष्ठ नागरिक तथा विपन्न परिवारलाई प्राथमिकता दिने र घरदैलो स्वास्थ्य सेवालाई प्रभावकारी बनाउने काम क्रमशः गर्न सकिन्छ ।

यसका लागि स्थानीय सरकार, स्वास्थ्यकर्मी, नागरिक समाज, निजी क्षेत्र र समुदायबिच सहकार्य आवश्यक हुन्छ । विकास कुनै एक व्यक्ति वा संस्थाको एकल प्रयासबाट मात्र सम्भव हुँदैन; साझा उद्देश्य, जिम्मेवारी र सामूहिक प्रयासबाट दिगो उपलब्धि हासिल गर्न सकिन्छ ।

शिक्षा क्षेत्रमा ३५ वर्षको यात्राले मलाई एउटा कुरा सिकाएको छ - कुनै पनि समाजको रूपान्तरण शिक्षा, स्वास्थ्य, सुशासन र नागरिक चेतनाको एकीकृत विकासबाट मात्र सम्भव हुन्छ । विद्यालय राम्रो भएर मात्र समाज समुन्नत हुँदैन, स्वास्थ्य सेवा सहज भएर मात्र नागरिकको जीवनस्तर उकासिँदैन । यी सबै क्षेत्रलाई एउटै विकास दृष्टिकोणमा जोड्न सक्ने नेतृत्व र कार्यसंस्कृति आवश्यक हुन्छ ।

बाँकी पृष्ठ ८ मा









युरोपभरका देशहरूलाई जीवनयापनको बढ्दो लागत र सरकारको सामाजिक कल्याणको बजेट कटौतीबाट आक्रोशित युवाहरूद्वारा विरोधको लहरले पुनः छोपेको छ।

निम्न आय भएका जनताका गुनासाहरू बेवास्ता गरिँदा यस सप्ताहन्तमा फ्रान्स, बेल्जियम, स्पेन, इटाली र जर्मनीको सडकमा हजारौँ जनताको सहभागितामा विरोध प्रदर्शन देखिएको थियो। महाद्वीप-व्यापी मुद्दाहरू जस्तै आकाश-उच्च आवास लागत, कमजोर तलब र जलवायु सङ्कट पनि जनआन्दोलनसित जोडिएका छन्।

तस्बिर : एएफपी

मतपत्र अलग राख्ने ट्रम्प प्रशासनको प्रयास अस्वीकार

वासिङ्टन, ३ नोभेम्बर (एपी)। अमेरिकाको सर्वोच्च अदालतले क्यालिफोर्नियामा हजारौँ मतपत्र अलग राख्न बाध्य पार्ने राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनको प्रयासलाई सोमबार अस्वीकार गरेको छ। सङ्घीय सरकारले गैरनागरिक भएको दाबी गरेका मतदातासँग सम्बन्धित मुद्दामा अदालतले हस्तक्षेप गर्न अस्वीकार गरेको हो। मध्यावधि निर्वाचनको मतदानको अन्तिम दिनअघि आएको यो निर्णय प्रशासनका लागि अर्को कानुनी धक्का बनेको छ।

रिपब्लिकन प्रशासनले क्यालिफोर्नियाको मतदाता सूचीमा सम्भावित गैरनागरिकका रूपमा २० हजार मानिसलाई पहिचान गरेको थियो। तर, राज्यका अधिकारीहरूले उक्त सूचीमा त्रुटि रहेको र मतपत्र अलग राख्दा कानुनी मतदातासमेत मताधिकारबाट वञ्चित हुन सक्ने बताएका छन्। सर्वोच्च अदालतका कुनै पनि न्यायाधीशले निर्णयप्रति सार्वजनिक रूपमा असहमति जनाएनन्।

यसअघि तल्लो अदालतहरूले पनि प्रशासनको माग अस्वीकार गरेका थिए। क्यालिफोर्नियाका महान्यायाधिवक्ता रोब बोन्टाका अनुसार जिल्ला अदालतदेखि सर्वोच्च अदालतसम्म प्रशासनको प्रयास चार पटक असफल भएको छ।

अमेरिकामा गैरनागरिकले मतदान गर्ने घटना दुर्लभ भए पनि ट्रम्प प्रशासनले यस वर्ष त्यस्ता मतदाताको पहिचानलाई प्राथमिकता दिएको छ। न्याय मन्त्रालयको तथ्याङ्कमा व्यापक त्रुटि रहेको विषयमा पनि प्रश्न उठेको छ। सङ्घीय अभियोजक बिल एसेलीले सूचीमा रहेका व्यक्ति मतदानका लागि अयोग्य रहेको दाबी गर्नुभए पनि त्यसमा त्रुटि हुन सक्ने सम्भावना स्वीकार गरिएको थियो।

यसैबिच, सङ्घीय जिल्ला अदालतकी न्यायाधीश ट्रिना थम्पसनले न्याय मन्त्रालयलाई गैरनागरिक सूचीसँग सम्बन्धित आपराधिक अनुसन्धान वा अभियोजन अघि बढाउनुअघि सम्बन्धित पक्षलाई जानकारी दिनुपर्ने आदेश विस्तार गर्नुभएको छ। मुख्य न्यायाधीश जेम्स बोसबर्गले पनि प्रशासनको निर्वाचनसम्बन्धी कदमले अमेरिकी संविधान उल्लङ्घन गरेको हुन सक्ने बताउनुभएको थियो।

क्यालिफोर्नियामा अक्टोबरको सुरुदेखि मतदान भइरहेको छ। एसोसिएटेड प्रेसका अनुसार राज्यका करिब दुई करोड ३० लाख दर्ता भएका मतदातालाई मतपत्र पठाइएकामा ६० लाखभन्दा बढी फिर्ता भइसकेका छन्। निर्वाचन अधिकारीहरूले अब विवादित मतपत्र पहिचान गरी अलग राख्न व्यावहारिक रूपमा असम्भव हुने बताएका छन्।

जिल्ला अदालतले मतपत्र अलग राख्दा निर्वाचन प्रक्रियामा गम्भीर अव्यवस्था उत्पन्न हुने चेतावनी दिएको थियो। दुई-एक मतले पुनरावेदन अदालतले पनि राज्यको पक्षमा निर्णयलाई समर्थन गरेको थियो। यसअघि सर्वोच्च अदालतले सेप्टेम्बरमा हुलाकमार्फत मतदान गर्ने व्यवस्थामा प्रतिबन्ध लगाउने ट्रम्पको प्रयाससमेत अस्वीकार गरेको थियो।

पूर्वी भारतमा दोस्रो चक्रवात हजारौँ सुरक्षित स्थानमा सारिए

हैदराबाद, ३ नोभेम्बर (एपी)। एक साताभित्र दोस्रो चक्रवात आएपछि पूर्वी भारतमा मङ्गलबार भारी वर्षा भएको छ। चक्रवात मुरासुका कारण सम्भावित जोखिमबाट जोगाउन हजारौँ मानिसलाई सुरक्षित स्थानमा सारिएको छ भने विद्यालय बन्द गर्नुका साथै रेल र केही हवाई सेवा रोकिएको छ।

भारतीय मौसम विभागका अनुसार चक्रवात मुरासु मङ्गलबार बिहान आन्ध्र प्रदेशको प्रकाशम जिल्लास्थित ओङ्गोल नजिकै तटीय क्षेत्रमा प्रवेश गरेको थियो। त्यसबेला आँधीको अधिकतम हावाको गति प्रतिघण्टा १०० देखि ११० किलोमिटर थियो।

चक्रवात कमजोर हुँदै गए पनि त्यसपछि केही घण्टासम्म भारी वर्षा हुने पूर्वानुमान गरिएको छ। अधिकारीहरूले वर्षाका कारण तल्लो क्षेत्रमा बाढी आउनुका साथै जनजीवन प्रभावित हुन सक्ने चेतावनी दिएका छन्। भारतीय मौसम विभागका अनुसार तटीय क्षेत्रमा १.५ मिटरसम्म अग्लो समुद्री छाल उठ्न सक्ने सम्भावना छ।

आँधी आउनुअघि नै अधिकारीहरूले जोखिमयुक्त क्षेत्रका बासिन्दालाई सुरक्षित स्थानमा सारेका थिए। सम्भावित जोखिमलाई ध्यानमा राख्दै विद्यालय बन्द गरिएको थियो भने रेल सेवा र केही उडानसमेत रोकिएका थिए।

मुरासु चक्रवात बङ्गालको खाडीमा विकसित भएको हो। यस क्षेत्रको न्यानो समुद्री पानीले पूर्वी भारत, बङ्गलादेश र म्यान्मामा प्रभाव पार्ने घातक चक्रवातलाई ऊर्जा प्रदान गर्दै आएको छ।

यसअघि गत साता चक्रवात अर्नबले आन्ध्र प्रदेशका विभिन्न क्षेत्रमा क्षति पुऱ्याएको थियो। उक्त चक्रवातका कारण कम्तीमा पाँच जनाको मृत्यु भएको थियो भने घर तथा पूर्वाधारमा क्षति पुगेको थियो। साथै, करिब दुई लाख एकड खेतीयोग्य जमिन डुबानमा परेको थियो।

केशम टापुमा अमेरिकी आक्रमण

वासिङ्टन, ३ नोभेम्बर (एएफपी)। इरानसँग आठ महिनादेखि जारी द्वन्द्व अन्त्य गर्न वार्तामा प्रगति भइरहेको सङ्केत अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले दिइरहेका बेला अमेरिकाले सोमबार इरानको केशम टापुमा आक्रमण गरेको वाल स्ट्रिट जर्नलले जनाएको छ।

जर्नलले नाम नखुलाइएका अमेरिकी अधिकारीहरूलाई उद्धृत गर्दै हर्मुज जलडमरुको सबैभन्दा ठुलो टापु केशममा गरिएको आक्रमण पछिल्ला साताहरूमा अमेरिकाले इरानविरुद्ध गोप्य रूपमा गर्दै आएका सीमित आक्रमणको शृङ्खलामध्येको पछिल्लो घटना भएको उल्लेख गरेको छ।

इरानको सरकारी समाचार संस्था इरनाका अनुसार टापुमा छोटो समयभित्र पाँचवटा विस्फोटको आवाज सुनिएको थियो। केही स्थानीय बासिन्दाले आकाशमा दुईवटा विमान उडिरहेको देखेको पनि बताएका थिए।

रिपोर्ट गरिएको आक्रमणबारे अमेरिकी रक्षा मन्त्रालय पेन्टागनले अमेरिकी सेन्ट्रल कमान्डसँग प्रश्न पठाएको थियो। तर, सोमबार अबेरसम्म सेन्ट्रल कमान्डले एएफपीको टिप्पणीका लागि गरिएको अनुरोधको तत्काल जवाफ दिएको थिएन।

वाल स्ट्रिट जर्नलका अनुसार अमेरिका केही सातादेखि इरानविरुद्ध सीमित स्तरका आक्रमणमा संलग्न रहँदै आएको छ। केही अमेरिकी अधिकारीले ती आक्रमणलाई रक्षात्मक प्रकृतिको बताएका छन्। उनीहरूका अनुसार यसको उद्देश्य इरानलाई हर्मुज जलडमरुमा व्यापारिक जहाजमाथि आक्रमण गर्ने स्वतन्त्रता प्राप्त गर्नबाट रोक्नु हो।

हर्मुज जलडमरु तेल ढुवानीको प्रमुख मार्ग हो। फेब्रुअरीको अन्त्यमा युद्ध सुरु भएदेखि यस मार्गमा अवरोध उत्पन्न भएको छ। जर्नलले अमेरिकाले आक्रमणबारे सार्वजनिक रूपमा घोषणा नगरेको उल्लेख गर्दै यसबाट प्रमुख सैन्य कारबाही पुनः सुरु गर्ने मनसाय रहेको सङ्केत नदिएको जनाएको छ।

इरानले हर्मुज जलडमरुको ऊर्जा आपूर्ति मार्गमा अवरोध गरेपछि तीव्र रूपमा बढेको तेलको मूल्य सोमबार भने द्वन्द्व अन्त्य हुन सक्ने आशासँगै सात प्रतिशतभन्दा बढीले घटेको समाचारमा उल्लेख छ।

‘नयाँ पुस्ता’ कथासङ्ग्रह अध्ययन गर्दा – २

✍ सुवर्ण श्रेष्ठ

३. ‘एक सन्देश’ शीर्षकको कथाको

खण्ड १ मा आफ्नो देश र जनताको हितमा सेवाभावले परिस्थितिअनुसार समर्पित हुनु नै राजनीतिक कार्य हो । राज्य व्यवस्था र समाजमा पूर्ण परिवर्तन गर्ने उद्देश्यले टोल, गाउँ, कक्षा, विद्यालय, कलेज, नगर र जिल्लाका जनताको वैचारिक स्थिति अध्ययन गर्दै त्यसलाई परिवर्तन एवम् परिमार्जन गर्दै पार्टीको दर्शन, सिद्धान्त, नीति एवम् कार्यक्रमलाई क्रमश: बुझाउँदै अगाडि बढ्नु पनि राजनीतिक कार्य हो । आफूलाई बिर्सेर पार्टीको एक अङ्गको रूपमा समर्पणको भावनाबाट कर्तव्य पूरा गर्दै गएमा आत्मबल एवम् विश्वास दिन दुगुणा रात चौगुना बढ्दै जान्छ र बृहतर रूपमा काम गर्ने उत्साह तथा ऊर्जा प्राप्त भएको अनुभव प्राप्त गर्छ । पार्टी कार्यकर्ताहरूमा समसामयिक विषयमा गम्भीर जानकारी हुनु आवश्यक छ, विभिन्न भाषाहरूमा दख्खल राख्नु आवश्यक छ ।

खण्ड २ मा भारतले राजा र काङ्ग्रेसलाई भिडायो, प्रचण्ड र बाबुरामलाई प्रयोग गरी नेपाल र नेपाली जनतालाई धुजाधुजा पाऱ्यो । महिला कार्यकर्ता तयार गर्नु गाऱ्हो र जटिल हुन्छ । सांस्कृतिक स्तर माथि नउठ्दा पदमा पुगे पनि लज्जित हुनुपर्दछ । विषयवस्तुको ज्ञान नहुँदा अरुले फसाउन सक्छ । पक्षपात गर्नुभन्दा योग्य र प्रतिस्पर्धी बन्न तयार गर्नुपर्दछ । सरकारी जागिरे बन्नुभन्दा राजनीतिक कार्यकर्ता भएर शिर ठाडो पारेर असल र योग्य नागरिक बन्न चाहने युवाहरू पनि छन् । कामचोर र घुस्याहा प्रवृत्तिका कर्मचारी सामन्ती र जातिवादी एवम् देश र जनताका शत्रु हुन् । अयोग्यलाई नियुक्ति गर्ने, सरुवा-बढुवा गर्ने, भनसुनमा मनोनीत गर्ने पार्टी र नेताहरू देशद्रोही हुन् । तिनीहरूकै विरुद्धमा गुप्त र खुला रूपले सङ्घर्ष गर्नु राजनीतिक कार्य हो ।”


४. ‘अखबार पुऱ्याउने केटो’ शीर्षकको कथामा, सम्पादकीय अत्यन्त सामयिक हुनुपर्ने, लेखहरू राम्रा हुनुपर्ने, समाचार सम्प्रेषण पढूँ पढूँ लाग्ने खालको हुनुपर्ने, प्रुफको गल्तीबाट मुक्त हुनुपर्ने कुरालाई जोड दिइएको छ । शिक्षित युवाहरूले योग्यताअनुसार काम र कामअनुसार ज्याला पाइरहेका छैनन् । घरपरिवारको जीविकोपार्जन गर्न नै कठिनाइ भइरहेको छ । सञ्चार मेडियामा भारतीय सामानको विज्ञापन छापिन्छ र निर्माण व्यवसायी, म्यानपावर कम्पनी, विदेशी व्यापारी, घर-जग्गा व्यापारी, कर छल्ने पुँजीपति, तस्करहरूले समाचार पत्र, टीभी, एफ.एम., रेडियो चलाएका हुन्, सम्पादक र लेखकहरू लाचार छन् ।

५. ‘स्वैच्छिक मृत्युपत्र’ शीर्षकको कथामा दास युगमा दास मालिकहरूले दासहरूमाथि भेदभाव गर्ने, एक आपसमा भिडन्त गराउने, सङ्गठित र छलफल नगराउने गर्थे भने सामन्तवादको उदयपछि राजा-रजौटाहरू एक-आपसमा लड्थे र मर्थे अनि महाराज र सम्राट बन्थे । अङ्ग्रेजहरूले भारतका राजा-महाराजाहरूलाई आपसमा भिडाउँदै २ सय वर्ष राज्य गरे । पृथ्वीनारायण शाहलाई पनि ३ सय वटा बन्दुक दिएर काठमाडौँ कब्जा गर्न सहयोग गरे र सुगौली सन्धि गरी नेपाललाई बेलायतको उपनिवेश बनाए । आज पनि साम्राज्यवादीहरूले धर्म, जात, भाषा, क्षेत्रको भेदभाव गरी विश्वका धेरै मुलुकहरूबिच युद्ध गराइरहेका छन्, हतियार बेच्दै छन् । युवाहरूलाई ओलम्पिकमा भिडाउँदै छन् । नयाँ पुस्ताले भिन्न भिन्न देशहरूसँगको शत्रुता कायमै राख्ने सम्भावना बाँकी छ ।

राजनीतिक नेता, लेखक, पत्रकार र प्राध्यापकहरूको ज्यानको कुनै ठेगान छैन । नागरिकको सुरक्षा छैन ।

घर परिवारका मानिसहरूमा राजनीतिक संस्कार नभएमा दुर्लभ र महत्त्वपूर्ण पुस्तक, रेकर्ड राखिएका लेखहरू र पत्रपत्रिकाहरू कवाडी (पत्रु) सामानको रूपमा बिक्री गरिदिन सक्छन्, लेखक - बुद्धिजीवी, नेता, कवि, कलाकारहरूको भेटघाट र छलफलबाट वाक्कदिक्क मान्छन् ।

संरा अमेरिका सद्भावनाबिनाको शक्ति हो, यो स्वयं एक आतङ्क हो । यसकारण, संसारमा ऊ बदनाम र एक्लो हुँदै छ । एमाले-माओवादी केन्द्र पनि



काङ्ग्रेसजस्तै सद्भावनाबिनाको शक्ति हो । हत्या, हिंसा, जालझेल र विश्वासघातबाट उठेको शक्ति हो । एक जात र एक भाषाको ठुलो राष्ट्र अहङ्कारवाद हो ।

ज्येष्ठ नागरिकहरूको सेवाको लागि पुस्तकालय, पुस्तक र पत्रपत्रिका वाचन गरी सुनाउने वाचक सहयोगी, रेडियो, टीभीसमेतको बन्दोबस्त भएको एकान्त र शान्तिपूर्ण ‘आदर निकेतन’ को वकालत गरिएको छ ।

६. ‘प्रजातन्त्र र निर्वाचन’ शीर्षकको कथामा कथाकारले भारतीय प्रजातन्त्रको अवस्था देखाइएको छ । भारतका सामान्य नागरिकहरूमा नेपालीप्रति माया, दया र सहयोगी भावना हुन्छ भने पार्टीका कार्यकर्ताहरू कोही पाकेटमार, कोही चोर र कोही डाँकु थिए । सवारी साधनको कमीले रेल यात्रा कष्टपूर्ण हुन्थ्यो, बस्नको लागि झगडा गर्थे, सीटभन्दा बढी यात्रु बोक्थ्यो । राजनीतिक कार्यकर्ताहरू सैद्धान्तिक छलफल र बहसभन्दा रेल यात्रामा बस्नको लागि सीट नभएकोले विवाद हुँदाको ईख निर्वाचनमा फेर्ने गर्थे ।

७. ‘दिदीको डायरी’ कथामा

जहिलेसम्म देश, समाज र व्यक्तिले आर्थिक स्वतन्त्रता पाउन सक्दैन, त्यसबेलासम्म आईमाईलाई दिइने कुनै पनि राजनीतिक र सामाजिक अधिकार कागजी मात्रै रहनेछ । जबसम्म देशको राज्यसत्ता कामदारवर्ग, कामदार जाति र कामदार महिलाकै हातमा पुग्दैन तबसम्म कामदारवर्ग, कामदार जाति, जनजाति र महिलाहरूको मुक्ति हुनेछैन । आर्थिक स्वतन्त्रता सबै स्वतन्त्रताको खम्बा हो, त्यसमा नारी स्वतन्त्रता पनि पर्दछ ।

८. ‘पछि परेको समाज’ कथामा

लेखक, पत्रकार एवम् जनताका प्रतिनिधिहरूको चरित्र वा दैनिकीबारे उल्लेख गरिएको छ । भूमिगत बस्नुपर्ने, कम बोल्ने तर निरन्तर लेख-पढमा लागिरहनुपर्ने, आफूले प्रयोग गरेका सामानहरूको सरसफाइ र सुरक्षा आफैले गर्नुपर्ने, पुस्तक तथा पत्रिकाहरू प्रगतिशील विचारको पढ्नुपर्ने । जस्तै:- रुसको तत्कालीन समाज, रुसी अक्टोबर क्रान्ति, समाजवादी आर्थिक रूपान्तरण आदि ।

९. ‘कान्छाको नगर दर्शन’ कथामा

दुर्गम गाउँबाट भक्तपुर सहर आएका कान्छा तामाङलाई रमेश नामका भक्तपुरवासीले भक्तपुर नगर र सहरबारे अवलोकन भ्रमण गराउँदै विभिन्न जानकारी दिएका छन् । सहिदपार्कमा मानिसहरू घुमफिर र शारीरिक अभ्यास गर्छन् । देश र जनताको निम्ति लड्ने वीरहरू, राम्रा र इमानदार मानिसहरू प्रेरणाका स्रोत हुन् सहिद राजकुमार सुवालजस्तै । पुस्तकालय, बिजुली अड्डा, खानेपानी कार्यालय, मोटरपार्क, रेष्टुराँ, पोखरी, गल्ली, बस्ती, सडक, बजार आदि सहरमा हुन्छन् । सहरमा नागरिक भावनाले काम गर्नुपर्ने, सभ्य र सुसंस्कृत हुनुपर्ने, आफ्नो फाइदाको काम कुराले गर्दा अरुलाई नोक्सान हुन नदिनेजस्ता गतिविधि हुनुपर्छ ।

१०. ‘विवाह - एक दु:स्वप्न’ कथामा

रूपवती र उसका परिवारमा छोरा र छोरीको विवाह र विवाहपछिको घटना उल्लेख गरिएको छ । मासिक तलब ३० हजार हुने गणित शिक्षकको छोरा र छोरीको विवाहमा श्रृङ्गारको लागि ४ लाख, कार्पेटमा १.५ लाख, महँगो रङ्गरोगन, फर्निचरमा ४-५ लाख, बैङ्क्वेटमा स्वदेशी र विदेशी रमझमे मदिरासहितको नातागोता - माइती खलक, स्टाफलगायतलाई भोज दिँदा ५ लाख खर्च गरेर बुहारी भित्र्याए र छोरीको विवाह गरे । तर, २ महिनापछि शिक्षकको दुर्घटनामा परी निधन हुँदा फर्निचरवालाले फर्निचर र कार्पेटवालाले कार्पेट नै उठाएर लगे, भुक्तानी दिन बाँकी भएकोले । मार्साब इमानदार सिधा र सोझो भएकोले स्टाफ र छरछिमेकी घरमा पुगेर सान्त्वना दिन पुगे । छोरा-छोरीको विवाहको कुरा एक्लैले निर्णय गरेकी थिइन् । काम भएकी बुहारी र धनीका छोरासँग छोरीको विवाहको निर्णय रूपवतीले नै गरेकी थिइन् । मार्साब लाचारी भए ।

११. ‘छोरी’ कथामा

धूमपान गर्ने (चुरोट खाने) एक शिक्षकलाई चुरोट बिक्री गर्ने व्यापारीको सही उपदेशअनुसार १२-१३ वर्षकी प्रिया नामको छोरीले चुरोट खान छोडाएको कुरा उल्लेख गरिएको छ ।

१२. ‘तिमीहरूलाई केही थाहा छैन’ कथामा

कृष्ण लासिवाख्यो नाम गरेका वाम राजनीतिमा सक्रिय कार्यकर्ताले ‘राम’ नाम गरेका बुज्रुक व्यापारीको सङ्गतले कसरी आफ्नो बाटो बिराउँछन् भन्ने कुरा स्पष्ट पारेका छन् । स्नातक पास गरेपछि वाम राजनीतिमा लागेर पद (मन्त्री) मा पुग्ने कृष्णको उद्देश्य थियो । मन्त्री बनेपछि कर्मचारी, प्रहरी, साहुमहाजन, प्राध्यापक, शिक्षक, नातागोता सबैले सम्मान गर्छन्, अरुले कुरा पनि सुन्छन् भन्ने उनको दृष्टिकोण थियो । तर, नयाँ पुस्ता र पढेलेखेका मानिसहरू उनको कुरालाई भ्रष्ट, बिग्रेको कुरा र कुहेको विचार भन्थे । राम दाइको फुलाइमा कृष्णमा घमण्ड चढ्यो । उनले अरुलाई “तिमीहरूलाई केही थाहा छैन” भनी अरुको कुराको बेवास्ता गरे । उनको सङ्गठन भित्री रूपमा बलियो थिएन । आफ्नो भलाइ र स्वार्थको लागि मात्र लागेकाले जीवनको अन्त्यतिर उनी टोलमा बस्न सकेनन्; टोलका मानिससँग कुराकानी पनि गर्न छाडे; पुरानो कार्यकर्ताहरूले बोल्नै छाडे र नयाँ पुस्ताले चिनेन । केही वर्षपछि मनोरोगले कृष्ण बिते ।

धान नफलेपछि माडीका किसान चिन्तित

- सनद अधिकारी

नारायणगढ (चितवन) । माडी नगरपालिका-७, कीर्तनपुरका गोविन्द भण्डारीले गत वर्षसम्म एक कट्ठामा पाँच मुरीसम्म धान उत्पादन गर्दै आउनुभएको थियो । यसवर्ष भने नयाँ जातको धान लगाउँदा उहाँको खेतमा धानको बाला नै राम्रोसँग लागेन । खाँदा मिठो र मसिनो चामल दिने नयाँ जातको धान हुने हल्ला सुनेपछि उहाँले बीउ किनेर खेतमा रोप्नुभएको थियो ।

रोपाइँपछि धानमा क्रमश: रोग देखिन थालेपछि उहाँले रोग नियन्त्रणका लागि पटकपटक विषादी प्रयोग गर्नुभयो । तर, धान काट्ने बेला हुँदा खेतमा धानका बोट र खोक्रा बालामात्रै देखिए । वर्षभरि खान पुग्ने धान उत्पादन हुने अपेक्षामा खेती गर्नुभएका उहाँ अहिले उत्पादन नहुँदा चिन्तित हुनुहुन्छ । “अहिले नयाँ जातको धान लगाउने भनेर लगाएको, नफलेर बर्बाद भइयो । धान काट्दा टटला मात्रै भए, दाना केही भएन”, भण्डारीले भन्नुभयो ।

उहाँले समस्या बीउमै भएको दाबी गर्नुभयो । आफूले लगाएको धानसँगै आसपासका खेतमा सोही जातको धान लगाएका किसानले पनि उस्तै समस्या भोग्नुपरेको उहाँको भनाइ छ । रोपेपछि धानको बोट मर्ने, बाँकी रहेका बोटमा बाला सेतो हुने र दाना नलाग्ने समस्या देखिएको उहाँले बताउनुभयो ।

परम्परागत रूपमा लगाउँदै आएको सावित्री र गोरखनाथलगायतका धानमा यसअघि यस्तो समस्या नदेखिएको भन्दै भण्डारीले दु:ख व्यक्त गर्नुभयो । नयाँ जातको धान लगाउने निर्णयले यस वर्षको खेती नै खेर गएको उहाँको भनाइ छ । उहाँले कृषि कार्यालय र बीउ बिक्रेतासँग समस्याबारे जानकारी गराइसक्नुभएको छ ।

माडी नगरपालिका-६, कल्याणपुरकी सावित्री चापागाईंको पीडा पनि उस्तै छ । विदेशमा रहेका श्रीमान्लाई स्वदेशमै फर्केर आफ्नै माटोमा केही गर्न सकियोस् भन्ने उद्देश्यले उहाँले यसवर्ष आफ्नै खेतमा धानखेती गर्नुभएको थियो । पहिले अरूलाई ठेक्कामा दिने गरेको जग्गामा आफैँ खेती गर्दा परिवारका लागि अन्न जुटाउने र आम्दानी गर्ने उहाँको अपेक्षा थियो । तर, धानको अवस्थाले उहाँलाई निराश बनाएको छ । “धान रोपेपछि रातो भयो । पछि बोट मरेर बाला नै नलाग्ने र पोटा मात्रै आयो । हामी त बर्बाद भइयो । यस्तो समस्या त आजसम्म भएको थिएन । न धान भयो, न पराल” , चापागाईंले भन्नुभयो ।

करिब १६ कट्ठा क्षेत्रफलमा लगाएको धानबाट दुई-चार बोरामात्रै उत्पादन भएको र त्यो पनि खानयोग्य अवस्थामा नरहेको उहाँले बताउनुभयो । सामान्य अवस्थामा उक्त खेतबाट राम्रो उत्पादन हुने अपेक्षा गरे पनि यस वर्ष लगानी र मेहनत खेर गएको उहाँको भनाइ छ । नयाँ जातको धान लगाउने भनेर आसपासका धेरै किसानले बीउ किनेको र उनीहरूको खेतमा पनि उस्तै समस्या देखिएको चापागाईंले बताउनुभयो । नयाँ बीउ पर्याप्त नभएका ठाउँमा लगाइएको केही धानमा भने सामान्य उत्पादन भएको देखिएकाले बीउकै गुणस्तरमा समस्या भएको हुन सक्ने उहाँको आशङ्का छ । यस घटनाले उहाँलाई नयाँ बीउ छनोट गर्दा थप सचेत हुनुपर्ने पाठ सिकाएको छ । अबदेखि बीउ कम्पनीको प्रचार वा एग्रोभेटको सल्लाहमा मात्रै भर नपरी कृषि प्राविधिक र कृषि कार्यालयको सल्लाह लिएर खेती गर्ने उहाँले बताउनुभयो ।

गत वर्षसम्म धान फल्ने खेतमा यस वर्ष रोपेदेखि नै विभिन्न रोग देखिनु, पाक्ने बेलासम्म बाला नलाग्नु र थन्क्याउने समयमा खोक्रा बाला (टटला) मात्रै भेटिएपछि चितवनको माडीका गोविन्द, सावित्रीलगायतका थुप्रै किसान चिन्तित बनेका छन् । नयाँ जातको धान लगाउँदा उत्पादनमा ठुलो गिरावट आएपछि वर्षभरि खाने अन्न जुटाउनसमेत समस्या हुने चिन्ता थपिएको छ । धानखेतीमा भएको क्षति र समस्याको समाधान खोज्दै किसान अहिले दिनहुँजसो नगरपालिकाको कृषि शाखा धाउन बाध्य छन् ।

माडी नगरपालिका-७, ६ र ५ लगायतका क्षेत्रमा स्थानीय एग्रोभेटबाट बीउ किनेर लगाइएको ‘बायोसीड ३०१’ जातको धानमा समस्या देखिएको हो । धानमा विभिन्न रोग देखिनुका साथै बाला नलाग्ने, बाला लागे पनि सानो हुने र दाना नलागी खोक्रा (टाटला) मात्रै रहने समस्या देखिएपछि किसानले अपेक्षित उत्पादन त परै जाओस्, न्यूनतम उत्पादन र परालसमेत लिन सकेका छैनन् । माडी नगरपालिका कृषि शाखाका अनुसार उक्त जातको धानमा वनस्पतिक अवस्थामा मरुवा (ब्लास्ट) र खैरो थोप्ले रोग देखिएको थियो । रोग नियन्त्रणका लागि कृषि शाखा तथा स्थानीय एग्रोभेटको सल्लाहमा विषादी प्रयोग गरे पनि समस्या नियन्त्रण हुन सकेन । पछि धान पसाउने र बाला लाग्ने समयमा समेत बाला नलाग्ने तथा दाना नलाग्ने समस्या देखिएको हो ।

कृषि शाखा प्रमुख सुरेश सिँखडाका अनुसार किसानको गुनासोपछि गरिएको स्थलगत अनुगमनमा उक्त जातको धानमा बाला नलागेको तथा बाला लागेका खेतमा पनि घाँटी मरुवा, खैरो थोप्ले र मर्चट ब्लाइटजस्ता रोग व्यापक मात्रामा देखिएको थियो । उहाँले भन्नुभयो, “माडी नगरपालिका कृषि शाखामा धानमा समस्या आएको गुनासो प्राप्त भएपछि कृषकको धानबारीमा स्थलगत अनुगमन गर्दा सो जातको धानमा बाला नलागेको तथा बाला लागेको बारीमा पनि घाँटी मरुवा, खैरो थोप्ले र मर्चट ब्लाइटजस्ता रोग व्यापक मात्रामा देखिएको थियो । पछि धान पाक्ने बेलामा दाना नलाग्ने समस्या देखियो । किसान अहिले चिन्तित हुनुहुन्छ । नगरपालिकामा आएर समस्या समाधान गरिदिन आग्रह गर्दै किसानहरू आउनुभएको छ ।”

स्थानीय एग्रोभेटसँग बुझ्दा माडी क्षेत्रमा उक्त जातको करिब तीन हजार केजी बीउ बिक्री वितरण भएको र करिब एक सय हेक्टर क्षेत्रफलमा खेती गरिएको पाइएको कृषि शाखाले जनाएको छ । बीउबिजन गुणस्तर नियन्त्रण केन्द्रको पञ्जीकरण विवरणअनुसार उक्त धान १२९ दिनमा पाक्ने उल्लेख छ । तर, असार १५ देखि मसान्तसम्म रोपिएको धानमा असोज मसान्तसम्म पनि धेरै किसानको खेतमा बाला ननिस्किएपछि बीउको गुणस्तरमाथि प्रश्न उठेको हो । उक्त जातको धान लगाएका अधिकांश किसानको खेतमा समान प्रकृतिको समस्या देखिएकाले बीउमै कैफियत हुन सक्ने आशङ्का गरिएको सिँखडाले बताउनुभयो ।

समस्याबारे कृषि शाखाले कृषि विकास कार्यालय, भरतपुर र प्रदेश बीउबिजन गुणस्तर नियन्त्रण केन्द्रलाई जानकारी गराएको छ । प्रदेश बीउबिजन गुणस्तर नियन्त्रण केन्द्रबाट प्रभावित क्षेत्रको स्थलगत निरीक्षणसमेत भएको छ । अहिले कृषि शाखाले किसानबाट क्षतिको विवरण सङ्कलन गरिरहेको छ भने बीउ कम्पनीका प्रतिनिधिलाई बोलाएर क्षतिलाई कसरी सम्बोधन गर्ने भन्ने विषयमा छलफल भइरहेको सिँखडाले बताउनुभयो ।

कृषि विकास कार्यालय चितवनका प्रमुख झलकनाथ कँडेलले माडीका केही क्षेत्रमा नयाँ जातको धानमा समस्या देखिएको जानकारी प्राप्त भएको बताउनुभयो । किसानको गुनासो र स्थानीय कृषि शाखाबाट प्राप्त जानकारीका आधारमा समस्याको अनुसन्धान गरी बीउ कम्पनीबारे बुझ्ने काम भइरहेको उहाँले बताउनुभयो ।

बीउ बिक्री गर्ने एग्रोभेटले कहाँबाट बीउ ल्याएको हो भन्ने विवरण सङ्कलन गरी आवश्यक प्रक्रिया अघि बढाइने उहाँको भनाइ छ । किसानले बीउ खरिद गर्दा त्यसको स्रोत, गुणस्तर र उपयुक्तताबारे ध्यान दिनुपर्ने उल्लेख गर्दै उहाँले एग्रोभेटको सल्लाहमा मात्रै भर नपरी कृषि प्राविधिक तथा सम्बन्धित कृषि कार्यालयसँग परामर्श गरेर खेती गर्न सुझाव दिनुभयो । धानमा देखिएको समस्या रोगका कारण मात्रै हो वा बीउको गुणस्तरमा समेत कैफियत छ भन्ने विषय अनुसन्धानबाट स्पष्ट हुने उहाँले बताउनुभयो । प्रभावित किसानले व्यहोरेको क्षतिको विवरण सङ्कलन र बीउको गुणस्तर परीक्षणबाट मात्रै समस्याको वास्तविक कारण तथा क्षतिको परिमाण यकिन हुनेछ । ***(रासस)***

अमेरिकी साम्राज्यवाद कमजोर हुने शताब्दी

काठमाडौँ, १७ कार्तिक । साम्राज्यवादविरोधीहरूको अभियान अमेरिकाको प्रान्त प्रान्तमा पनि पुगेको छ । साम्राज्यवादविरोधी त्यो स्वरले अबको मध्यावधि निर्वाचनमा अमेरिकी राष्ट्रपति ट्रम्प हार्ने अड्कल राजनीतिक विश्लेषकहरूले गरेका छन् । निर्वाचनमा रिपब्लिकन पार्टीले हार्ने अड्कलसँगै राष्ट्रपति ट्रम्पले संसद् छलेर भए पनि शासन गर्ने तयारी गरिरहेको समाचार पनि छापामा आएको छ । ट्रम्पको विश्वभर विरोध हुनुका अनेक कारणमध्ये साम्राज्यवादी नीति पनि हो । शक्तिकै आडमा अरु देशलाई आफ्नो मातहतमा राखेर त्यो देशको प्राकृतिक स्रोत र साधन आफ्नो कब्जामा लिने या अमेरिकी उद्योगपतिहरूको हातमा दिने काम अमेरिकी राष्ट्रपतिको दिनचर्याजस्तै भएको छ । ट्रम्पले आफ्नो कार्यकालमा ल्याएका विवादित नीतिजस्तै आप्रवासनमाथि दमन, विश्वका विभिन्न देशसँगको व्यापार युद्ध, इरानसँगको द्वन्द्व र उनका आफ्नै परिवारका भ्रष्टाचारका घटनामाथि संसदीय निगरानी बढेको छ ।

मध्यावधि निर्वाचनले ट्रम्पको दल हार्ने सम्भावना छ । यता रिपब्लिकन पार्टीको विकल्पको रूपमा रहेको डेमोक्रेटिक पार्टीको ठम्याइ पनि साम्राज्यवादी नीतिकै समर्थनमा छ । रिपब्लिकनले डेमोक्रेटिक र डेमोक्रेटिकले रिपब्लिकन पार्टीको विरोध गरे पनि आखिर पुँजीवादी पार्टीले नै पालैपालो शासन गर्ने हो । यी दुई पार्टीको विचार एउटै हो । जहिलेसम्म अमेरिकी शासकहरूले साम्राज्यवादी नीति छोड्दैनन्; संसारका विभिन्न स्वाधीन मुलुकमा गर्ने आक्रमण छोड्दैनन् तहिलेसम्म विश्वका जनताले शान्ति र सुरक्षाको अनुभूति गर्न पाउने छैनन् । अमेरिकी प्रशासनले साम्राज्यवादी नीति छोड्नुपर्छ । शक्तिको आडमा धाक देखाएर अरु देशको स्रोत र साधन कब्जा गर्ने काम छोड्नुपर्छ । अमेरिकी प्रशासनले गरेको आक्रमणको कारण जे जति क्षति भयो सोको क्षतिपूर्ति अमेरिकाले तिर्नुपर्छ र अमेरिकी राष्ट्रपतिलाई अन्तर्राष्ट्रिय अदालतमा मुद्दा चलाएर कारबाहीको प्रक्रिया अघि बढाउनुपर्छ । अमेरिकी राष्ट्रपतिलाई संयुक्त राष्ट्र सङ्घको महासभामा माफी मगाएर अमेरिकालाई पो विश्वका सबै देशले आर्थिक नाकाबन्दी गर्नुपर्छ । राजनीतिक विश्लेषकहरूका अनुसार राष्ट्रपति ट्रम्पले संसदीय मूल्य र मान्यतालाई बेवास्ता गरेका छन् । कानुनभन्दा बाहिर गएर गरिएको कामलाई अदालतले रोक्न सक्छ र रोकेको पनि दृष्टान्त छ । यस्तो काम राष्ट्रपति ट्रम्पले भिटो प्रयोग गरेर अधिकार मिच्दै आएको पनि पाइन्छ ।

क्यानडालाई अमेरिकाको प्रान्त बनाउने विचार राखेर ट्रम्प संसारमाझ अलोकप्रिय भए । भेनेजुयलाका राष्ट्रपति र उनकी पत्नीलाई अपहरण शैलीमा अमेरिका लगेर अमानवीय र अन्तर्राष्ट्रिय कानुन उल्लङ्घन गरे या आफ्नो हातमा लिए । साम्राज्यवादी नीतिको विरोध गर्ने सरकार र सरकारका राष्ट्र प्रमुखहरूको हत्या गर्न पछि नपर्ने अमेरिकी प्रशासनले अहिले पनि अनेक देशमा अमेरिकी सेना तैनाथ गर्ने, आर्थिक नाकाबन्दी गर्ने, तेल भण्डार कब्जा गर्ने, आक्रमण गर्ने र गराउन हौस्याउने, हतियार पठाउने र बिक्री वितरण गरेर शान्ति बिथोल्ने काम गर्दै छ । अमेरिकी प्रशासनले गरेका यस्ता अमानवीय, क्रूर शासनको विरोध मध्यावधि निर्वाचनको बेला उठ्नु र अमेरिकी जनताले चासो राख्नु स्वाभाविक हो ।

उक्त निर्वाचनमा साम्राज्यवादको प्रतिनिधित्व गर्ने रिपब्लिकन र डेमोक्रेटिक पार्टी छाडेर वामपन्थी पार्टीलाई अमेरिकी जनताले साथ दिनुपर्छ । अमेरिकी जनता र विश्वका जनताको सुरक्षा र शान्तिको निम्ति पनि वामशक्तिलाई साथ दिनुपर्छ । प्यालेस्टिनजस्तो देशलाई ध्वस्त पारेर ६८ हजारभन्दा बढी प्यालेस्टिनी जनताको संहार गर्ने काम अमेरिकी प्रशासनले नै गरेको हो । इराक, लिबिया, अफगानिस्तान, इरानलगायत दर्जनौँ देशका जनतालाई नरसंहार गर्ने र ध्वस्त गर्ने काममा अमेरिकी प्रशासन लागिरहयो । अमेरिका नरसंहार गर्ने आक्रमक देश बनेकोमा अमेरिकी जनता नै अमेरिकी प्रशासनको विरोधमा छन् । यी सम्पूर्ण विश्व परिस्थिति र आधारहरू हेर्दा यो शताब्दी अमेरिकी साम्राज्यवाद कमजोर हुने अड्कल गरिएको छ । संरा अमेरिकी युद्धपिपासु चरित्रविरुद्ध अमेरिकाभित्रबाटै विद्रोहको ज्वारभाटा उठ्दै छ । प्रजातन्त्र, न्याय र मानव अधिकारको निम्ति सङ्घर्ष हुँदै छ ।

देशको अवस्थाबारे उठेका प्रश्न

● रास्वपा सरकार प्रमुख भारत भ्रमणको तयारीको सिलसिलामा भारतका विदेश सचिव विक्रम मिश्रीले कार्तिक १८ र २० गते नेपाल भ्रमण गर्दै छन् । तर, रास्वपा सरकार प्रमुख भारतमा कुन विषयलाई लिएर भ्रमण गर्दै छन् ? सार्वजनिक भएको छैन । अघिल्ला शासक दलका सरकार प्रमुखहरूको भारत भ्रमणमा नेपालको जल, जमिन, खनिज, जङ्गल गुम्ने देश हितविपरीतका सम्झौता हुन्थ्यो । यसपटक रास्वपा सरकार प्रमुखले कुन-कुन देशसित के कस्ता सन्धिमा हस्ताक्षर गर्ने हुन् भन्नेमा नेपाली जनता चिन्तित छन् । किनभने, रास्वपा सरकार प्रमुखले यस अगाडि प्रतिनिधिसभामा नेपालले भारतको जमिन मिचेको देशघाती तर्क गरिसकेको बाहिरिएकै हो ।

● रास्वपा सरकारका भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री झापामा पुग्दा स्थानीय सहकारी संस्थामा राखेका बचत फिर्ता नभएका पीडितहरूले आ-आफ्नो बचत फिर्ता गराइदिन माग गरे । यो देशभरिका सहकारी पीडितहरूको आवाज हो । सहकारी संस्थामा राखिएको जनताको बचत ठगीमा रास्वपाका मुख्य नेताकै नाम जोडिएको र अदालतको तारेखमा रहेको पनि पुरानो हो । अघिल्ला सरकारले भ्रैं रास्वपा सरकारले पनि जनताको बचत फिर्ता हुने झूटा कुरा बाँड्दै छ । के अघिल्ला सरकार र रास्वपा सरकार उस्तै भएको हो ?

सरकार...

यो सरकार पनि विदेशी ऋण लिएर देशलाई ऋणमा डुबाउने काममा केन्द्रित छ । विदेशी र आन्तरिक ऋण ३० खर्बभन्दा बढी पुगिसकेको छ । विदेशी ऋणकै भरमा देशको बजेट र विकास योजना तयार गरिन्छ । विदेशी सहयोग र अनुदानमा टिकेको देशको अर्थतन्त्र कसरी मजबुत हुन्छ ? नेपालको सुन्दर भविष्य निर्माण विदेशीको भर र सहयोगमा होइन । त्यो हाम्रो देशको प्राकृतिक स्रोत र साधन, सरकारले तय गरेको प्रगतिशील कर प्रणाली, देशले उत्पादन गरेको सामान या वस्तु निर्यात गर्ने, सरकारको इमानदारिता र जिम्मेवारी बहनमा भरपर्छ । सरकारले नयाँ उद्योग खोलेर अवसरको ढोका खोल्नुपर्छ । देश र जनताप्रतिको विश्वास, देशभक्ति भावना, इमानदारिता, जिम्मेवारी, निष्पक्षता, समानता र विश्वास आदि पनि समृद्ध नेपालको बाटो हो । राज्यका हरेक अङ्गका व्यक्तिहरू विश्वास र इमानदारीका साथ लाग्नुपर्छ । यसको लागि असल नेता, असल मन्त्री, असल सांसद, असल जनप्रतिनिधि, असल कार्यकर्ता, असल कर्मचारीको खाँचो हुन्छ । सार्वजनिक सम्पत्ति जोगाउनु, नियम पालना गर्नु, श्रमलाई सम्मान गर्नु, भ्रष्टाचारीलाई हदैसम्मको कारबाही गर्नु, मानव बेचबिखन र बेपत्ता पार्ने कार्य रोक्नु, अरुको अधिकारलाई सम्मान गर्नु सरकारको जिम्मेवारी हो । के सरकार यी जिम्मेवारी पूरा गर्न लागिपरेको छ ?

जनताको घरमा राज्यको उपस्थिति हुनुपर्छ । जनताको समस्या राज्यले बुझ्नुपर्छ; समस्या बुझेर समाधानको बाटो खोज्नुपर्छ । बहुमत जनताको समस्या समाधान गर्नु नै राज्यको दायित्व हो । त्यो दायित्व सरकारले पूरा गर्नुपर्छ । नेपालले उद्योगलाई विकासको केन्द्र बनाउनुपर्छ । खाद्यान्नमा आत्मनिर्भर बनाउन कृषि पेसा या प्रणालीलाई वैज्ञानिकीकरण गर्नुपर्छ । तल्लो वर्गका जनताले पनि उच्च शिक्षा हासिल गर्ने वातावरण तयार गर्नुपर्छ । कुनै पनि रोगको औषधि उपचार सर्वसाधारण जनताले पनि गर्नसक्ने व्यवस्था सरकारले गर्नुपर्छ । जनताका लागि चाहिने आधारभूत आवश्यकता सहज रुपमा पूर्ति गर्नुपर्छ, पूर्तिको व्यवस्था गर्नुपर्छ ।

कार्की...

जिम्मेवार र संवेदनशील भई पेसागत कर्ममा क्रियाशील भएको हुनुपर्ने ।

देशको सार्वभौमिकता, अखण्डता, सामाजिक सद्भाव र एकताका पक्षमा उभिएको हुनुपर्ने । जातीय, क्षेत्रीय, भाषिक, लैङ्गिक र मानवीय दृष्टिले अनुचित कुनै पनि प्रकार र स्तरका साम्प्रदायिक गतिविधिमा सामेल नभएको हुनुपर्ने ।

समाचार, लेख तथा अन्य सामग्रीको असर र प्रभावको विश्लेषण गर्नसक्ने क्षमता हुनुपर्ने ।

आर्थिक दृष्टिले पारदर्शी हुनुपर्ने ।

अपारदर्शी लगानी, विदेशी लगानीका गैरसरकारी संस्थासँग आबद्ध नरहेको हुनुपर्ने ।

सरकारी, गैरसरकारी, अर्धसरकारी या निजी क्षेत्र सम्बद्ध कम्पनीमा (नियमित तलब भत्ता पेन्सन उपदान आदि सुविधा लिने गरी) आबद्ध रही कर्मचारीका रूपमा कार्यरत रहेको हुन नहुने ।

(५) जिम्मेवार पत्रकारिता र निजी सञ्चार सेवाबिचका अन्तर स्पष्ट गरी भिन्न भिन्न कानुन आकर्षित हुने व्यवस्था गर्नुपर्ने । आम सञ्चारमाध्यमलाई जिम्मेवार पत्रकारिताको परिभाषाभित्र राखेर सामाजिक सञ्जालका रूपमा चिनिने युट्युब, फेसबुक, ह्वाट्सएप, मेसेन्जर, इन्स्ट्राग्राम, एक्स, वीच्याट, टिकटक आदिलाई निजी सञ्चार साधनका रूपमा परिभाषित गर्नु वाञ्छनीय देखिन्छ ।

भक्तपुरको...

भ्रमणको वास्तविक उपलब्धि हामीले कति ठाउँ घुम्यौँ भन्नेमा होइन, कति नयाँ कुरा सिक्यौँ, आफ्नो सोचमा कति परिवर्तन ल्यायौँ र फर्किएपछि त्यसलाई व्यवहारमा कति उतार्न सक्यौँ भन्नेमा निहित हुन्छ ।

आजको यस भ्रमणले मेरो विश्वास अझ बलियो बनाएको छ - विकासको लागि भूगोल बाधक हुन सक्छ, स्रोतसाधन सीमित हुन सक्छ, चुनौतीहरू अनेक हुन सक्छन्; तर दूरदर्शी नेतृत्व, दृढ इच्छाशक्ति, इमानदार प्रयास र सामूहिक प्रतिबद्धता भए असम्भव ठानिएका कामसमेत सम्भव बनाउन सकिन्छ । नेतृत्वको वास्तविक परिचय भाषण, पद र प्रतिष्ठामा होइन, उसले जनताको जीवनमा ल्याएको सकारात्मक परिवर्तनमा देखिन्छ । विकासको सफलता ठुला भवन र संरचनामा मात्र होइन, नागरिकले प्राप्त गर्ने सहज सेवा, अनुभूत गर्ने सम्मान र मुहारमा देखिने सन्तुष्टिमा प्रतिबिम्बित हुन्छ ।

भक्तपुरले सम्भावनाको एउटा सुन्दर उदाहरण प्रस्तुत गरेको छ । अब हामीले पनि आफ्नै माटो, आफ्नै स्रोत र आफ्नै सामर्थ्यमा विश्वास गर्दै सम्भावनालाई परिणाममा बदल्ने सङ्कल्प गर्नुपर्छ ।

अरूको सफलताबाट प्रेरणा लिऔँ, आफ्नै ठाउँमा सम्भावना खोजौँ र परिवर्तनको सुरुआत आफैँबाट गरौँ ।

हार्दिक समवेदना



जन्म : १९९९/०८/१५
निधन: २०८३/०७/०६

यस क्लबका सदस्य सरुण मुस्याख्वका पूजनीय हजुरबुबा **आसराम मुस्याख्व**को असामयिक निधन भएको आज तेह्रौँ दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

क्वाठण्डौ युवा क्लब
भक्तपुर-१०

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

तालिम प्रशिक्षक आव्हानसम्बन्धी सूचना

भक्तपुर नगरपालिकाबाट युवा तथा महिला लक्षित तपसिलबमोजिमका तालिमहरू सञ्चालन गरिने भएकोले निम्नलिखित तालिमका प्रशिक्षकहरू आवश्यक भएको हुँदा इच्छुक सम्बन्धित विषयका प्रशिक्षकहरूले यस नगरपालिकामा आफूले प्राप्त गरेको योग्यताको प्रमाणपत्र, नागरिकताको प्रतिलिपि, पासपोर्ट साइज फोटो र प्रस्तावसहित मिति २०८३/०८/०४ गतेभित्र निवेदन पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

क्र.सं.	तालिमको नाम	अवधि	समय	योग्यता
१	आधारभूत सिलाइ	४ महिना	बिहान १०-१२ बजे	लेभल २ वा एडभान्स तालिम प्राप्त, अनुभवी
२	एडभान्स सिलाइ	४ महिना	दिनको १२:००-२:०० बजे	लेभल २ वा एडभान्स तालिम प्राप्त, अनुभवी
३	बुटिक (फेसन डिजाइन)	४ महिना	बिहान ७-९ बजे	बुटिक तालिम लिई फेसन डिजाइनसम्बन्धी योग्यता प्राप्त, अनुभवी
४	आधारभूत हेयर कटिङ (शैलुन)	४ महिना	बिहान ७-९ बजे	लेभल २ वा एडभान्स तालिम प्राप्त, अनुभवी
५	आधारभूत प्लम्बिङ	४ महिना	बिहान ७-९ बजे	लेभल २ वा एडभान्स तालिम प्राप्त, अनुभवी
६	आधारभूत हाउस वायरिङ	४ महिना	बिहान ७-९ बजे	लेभल २ वा एडभान्स तालिम प्राप्त, अनुभवी
७	आधारभूत पाक शिक्षा (कुक)	४ महिना	बिहान ७-९ बजे	लेभल २ वा होटल म्यानेजमेन्ट विषय अध्ययन गरेको वा कुक तालिम प्राप्त, अनुभवी

हार्दिक समवेदना



जन्म
२००४/०८/१३

स्वर्गारोहण
२०८३/०७/०२

यस संस्थाका सदस्यता नं. २७९८ का सदस्य **रामकृष्ण सिंखाल**को असामयिक निधन भएकोमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछ ।

संगम बचत तथा ऋण सहकारी संस्था लि.
ख:लाँ, भक्तपुर-४

हार्दिक समवेदना



जन्म
२०३४/०६/०९

स्वर्गारोहण
२०८३/०७/०८

यस संस्थाका सदस्यता नं. ९०७ का सदस्य **कृष्णराम कबु**को असामयिक निधन भएकोमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछ ।

संगम बचत तथा ऋण सहकारी संस्था लि.
ख:लाँ, भक्तपुर-४

धर्म, संस्कृति र परम्परालाई सम्मान गरौं

- चाडपर्व मनाउँदा अनावश्यक तडक-भडक नगरौं,
- चाडपर्व सभ्य, शिष्ट र मर्यादित रुपमा मनाऔं,
- धार्मिक, सांस्कृतिक संस्कारलाई निरन्तरता दिऔं,
- एक अर्काको चाडपर्वप्रति सम्मान गरौं ।

सामाजिक सद्भाव र सहिष्णुता कायम गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: चक्रबहादुर चाकतु ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा